आर्थिक तथा प्राविधिक सहयोग : प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगञ्ज, बाँके लुम्बिनी प्रदेश

# प्रतापपुर गाउँपालिका क्षमता विकास योजना
# (२०७९।०८०-२०८१।०८२)




## प्रतापपुर गाउँपालिका
## प्रतापपुर (बेलाटारी) नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
## लुम्बिनी प्रदेश, नेपाल

२०७८

| | |
|---|---|
| **दस्तावेज** | प्रतापपुर गाउँपालिकाको क्षमता विकास योजना<br>**Capacity Development Plan of Pratappur Rural Municipality** |
| **योजनाको अवधि** | आ.व. २०७९/०८० देखि ०८१/०८२ सम्म (३ वर्ष) |
| **समन्वय** | क्षमता विकास समन्वय समिति, प्रतापपुर गाउँपालिका |
| **आर्थिक तथा प्राविधिक सहयोग** | प्रदेश प्रशिक्षण प्रतिष्ठान, नेपालगञ्ज, बाँके लुम्बिनी प्रदेश |

## विषयसूची :

**संक्षिप्त शब्दावली ........ 4**
**परिच्छेद -एक : गाउँपालिकाको संक्षिप्त परिचय ........ 5**
१.१ पृष्ठभूमि ........ 5
१.२ जनसंख्या तथा घरधुरीको संख्या ........ 5
१.३ भाषाका आधारमा जनसंख्याको विवरण ........ 6
१.४ धर्मका आधारमा जनसंख्याको विवरण ........ 6
१.५ शैक्षिक संस्थाहरुको विवरण ........ 6
१.६ स्वास्थ्य संस्थाहरु ........ 6
१.७ कृषि तथा पशुस्वास्थ्य केन्द ........ 7
१.८ प्रतापपुर गाउँपालिकाको संगठन संरचना ........ 7
१.९ संस्थागत तथा मानवीय क्षेत्रमा भएका प्रयासहरु ........ 7
**परिच्छेद-दुई : गाउँपालिकाको क्षमता विकास योजना ........ 9**
२.१ क्षमता विकास योजनाको औचित्य ........ 9
२.२ क्षमता विकास योजनाको लक्ष्य ........ 10
२.३ क्षमता विकास योजनाका विशिष्ट उद्देश्यहरु ........ 10
२.४ क्षमता विकास योजना तर्जुमा प्रक्रियामा अवलम्बन गरिएका विधिहरु : ........ 10
२.५ क्षमता विकास योजनाका निर्माणका सीमाहरु ........ 12
**परिच्छेद-तीनः गाउँपालिकाको वर्तमान अवस्था विश्लेषण ........ 13**
३.१ गाउँपालिकाको साङ्गठनिक अवस्था ........ 13
३.१.१ गाउँपालिकाको साङ्गठनिक स्वरुप ........ 13
३.१.२ गाउँपालिकाको जनशक्तिको विवरण ........ 14
३.२ प्रतापपुर गाउँपालिकाको प्रस्तावित साङ्गठनिक संरचना ........ 17
३.३ संस्थागत क्षमता स्वमूल्याङ्कनको अवस्था ........ 23
३.४ प्रतापपुर गाउँपालिकाको संस्थागत तथा मानवीय क्षमतामा देखिएका सवल, दुर्वल, अवसर र चुनौतीहरु ........ 26
३.४.१ भौतिक स्रोत साधन ........ 27
३.४.२ ऐन नियम विधि र प्रणाली ........ 28
३.४.३ मानव संशाधन व्यवस्थापन ........ 28
३.४.४ मानव संसाधन क्षमता विकास ........ 29
३.५ क्षमता विकासको आवश्यकता ........ 30
३.६ क्षमता विकास प्राथमिकताका आधारहरु ........ 31
**परिच्छेद-चार : गाउँपालिका क्षमता विकास योजनाका क्षेत्रहरु ........ 34**
४.१ संस्थागत क्षमता विकास योजना ........ 34
४.२ प्रतापपुर गाउँपालिकाको संस्थागत क्षमता विकास कार्ययोजना ........ 35
४.३ मानव स्रोत क्षमता विकास योजना ........ 39
४.४ प्रतापपुर गाउँपालिकाको मानव स्रोत क्षमता विकास कार्ययोजना ........ 40
४.५ आवश्यक स्रोत व्यक्ति तथा संस्थाहरुको रोष्टर ........ 44
४.६ क्षमता विकास योजना कार्यान्वयन रणनीतिहरु ........ 45
४.७ क्षमता विकास समन्वय समितिको भूमिका ........ 45
४.८ क्षमता विकास योजना अनुगमन तथा मूल्याङ्कन ........ 46
४.९ बजेट प्रक्षेपण ........ 46
अनुसूची १: चालु आ.व.(२०७८।०७९) मा गाउँपालिकाको वार्षिक योजनाले समेटेका क्षमता विकाससँग सम्बन्धित क्रियाकलापहरु ........ 48

अनुसूची २ : पहिलो वर्षको कार्ययोजना ........................................................................ 49
अनुसूची ३ : प्रतापपुर गाउँपालिकाको संस्थागत क्षमता विकास लेखाजोखा ................................................53
अनुसूची :४ गाउँपालिकाको अधिकारको उपयोगको अवस्था.................................................................. 60
अनुसूची ५ : क्षमता विकास योजनाको अभिमुखीकरण कार्यक्रममा सहभागीहरुको नामावली ..............................65
अनुसूची ६ : क्षमता विकास योजनाको मस्यौदा प्रतिवेदन छलफल तथा सुझाव सङ्कलनमा सहभागीहरुको नामावली..66

## संक्षिप्त शब्दावली

| संक्षिप्त शब्द | पूर्णरुप |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| आ.यो. | आवधिक योजना |
| का.स. | कार्यपालिका सदस्य |
| गा.स. | गाउँसभा |
| गा.पा. | गाउँपालिका |
| न.पां | नगरपालिका |
| गैसस | गैरसरकारी संस्था |
| जि.स.स. | जिल्ला समन्वय समिति |
| प्र.प्र.अ. | प्रमुख प्रशासकीय अधिकृत |
| प्र.अ. | प्रधानाध्यापक |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| प्रा.स. | प्राविधिक सहायक |
| रा.ज. | राष्ट्रिय जनगणना |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| हे.अ. | हेल्थ असिस्टेन्ट |
| लै.स.स. | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| स्वा.व्य.स. | स्वास्थ्य व्यवस्थापन समिति |

# परिच्छेद -एक : गाउँपालिकाको संक्षिप्त परिचय

## १.१ पृष्ठभूमि

प्रतापपुर गाउँपालिका नेपालको मानचित्रमा लुम्बिनी प्रदेश अन्तरर्गत नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्लामा अवस्थित रहेको छ । नौ ओटा वडा रहेको यो गाउँपालिका साविकको जमुनिया(२-७,९), सोमनी(२,४-९), बदौली, ठुलो खैरेटेवा, गुठी सूर्यपुरा र प्रतापपुर गा.वि.स. गरी ७ ओटा साविकका गाउँ विकास समिति मिलेर बनेको हो । गाउँपालिको पाश्वचित्र २०७६ अनुसार यो गाउँपालिकाको कूल क्षेत्रफल ७३५.७३ वर्ग कि.मी. रहेको छ । समुन्द्री सतहबाट करिब ९१ मिटर देखि १,९३६ मिटर सम्मको उचाइमा अवस्थित जिल्लाको पूर्व दक्षिण, पश्चिम-उत्तर र पूर्व-उत्तर तराई भागमा ,दक्षिण-पश्चिम नवलपुर भागमा महाभारत पर्वत शृङ्खलाको चुरे पहाडी क्षेत्रमा यस गाउँपालिकाको फैलावट रहेको छ । यो गाउँपालिका संघीय राजधानी काठमाडौंदेखि करिव २३० कि.मी. दक्षिण पूर्वी दिशामा पूर्व पश्चिम महेन्द्र राजमार्गबाट दक्षिण दिशामा र प्रदेश राजधानी दाङको भालुवाङ देखि करिव १५० कि.मी. पूर्वमा पर्दछ ।

## १.२ जनसंख्या तथा घरधुरीको संख्या

राष्ट्रिय जनगणना २०६८ र घरधुरी सर्वेक्षण २०७६ अनुसार यस गाउँपालिकाका विभिन्न वडहरुमा रहेका पुरुष तथा महिला र दुवै गरी जम्मा जनसंख्याको विवरण तलको तालिकामा उल्लेख गरिएको छ । यसका साथै २०६८ को राष्ट्रिय जनगणना र घरधुरी सर्वेक्षण २०७६ को राष्ट्रिय जनगणना अनुसारको जनघनत्वलाई पनि देखाइएको छ । जनसंख्याको आवधिक तुलना सम्बन्धी विस्तृत विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ : गा.पा.को जनसंख्या र घरधुरीको विवरण**

| वडा नं. | रा.ज.२०६८ | | | | घरधुरी सर्वेक्षण २०७६ | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जनघनत्व | जम्मा | पुरुष | महिला | जनघनत्व | जम्मा घ. सं |
| १ | ३७४१ | १७६८ | १९७३ | ५२५.५ | ४१३७ | २१६३ | १९७४ | ५७८.९ | ७६४ |
| २ | ४८५२ | २३६७ | २४८५ | ६०१.७ | ५७५१ | २९२७ | २८२४ | ७१३.२ | ११४१ |
| ३ | ५१२४ | २५४६ | २५७८ | ६२७.६ | ५७६१ | ३००३ | २७५८ | ७०५.६ | १०५६ |
| ४ | ४८१३ | २५०० | २३१३ | ५९० | ६३१७ | २३८८ | १९२८ | ५२९.२ | ९२९ |
| ५ | ६००४ | ३०७७ | २९२७ | ७२२.४ | ४९४४ | २५४० | २४०४ | ५९४.४ | ७८७ |
| ६ | ४६२५ | २३७८ | २२४७ | ६५८.९ | ५५९७ | २८६६ | २७६१ | ७९७.३ | १२८१ |
| ७ | ५४७३ | २७९६ | २६७७ | ४६१.१ | ५४७७ | २८८८ | २५८९ | ४६१.५ | १०३७ |
| ८ | ४८१४ | २४५२ | २३६२ | २३३७ | ५३३७ | २७६१ | २५७६ | २५९१ | ९९६ |
| ९ | ५७९४ | २९०३ | २८९२ | ५६१ | ५२४९ | २८०१ | २५४८ | ५१७.८ | ९५३ |
| **जम्मा** | **४५२४१** | **२२७८६** | **२२४५४** | **६३६.१** | **४६६७०** | **२४३३७** | **२२३३२** | **६५६.२** | **८९४४** |

स्रोत: गाउँपालिकाको पाश्वचित्र २०७६

## १.३ भाषाका आधारमा जनसंख्याको विवरण

**तालिका नं.२ : मातृभाषाको आधारमा जनसंख्याको विवरण**

| भाषा | संख्या | प्रतिशत % |
|---|---|---|
| भोजपुरी | ३९१९५ | ८४.०८ |
| थारु | ५५८९ | १२.०९ |
| नेपाली | १४०१ | ३.०३ |
| मगर | २० | ०.०४ |
| ठकुरी | ७ | ०.०१५ |
| अन्य | ३ | ०.००६४ |
| जम्मा | ४६२१५ | १०० |

स्रोतः घरधुरी सर्वेक्षण २०७६

## १.४ धर्मका आधारमा जनसंख्याको विवरण

**तालिका नं.३ : धर्मका आधारमा जनसंख्याको विवरण**

| धर्म | संख्या | प्रतिशत % |
|---|---|---|
| हिन्दु | ४३४१३ | ९३.०२ |
| ईस्लाम | ३०१५ | ६.४६ |
| क्रिश्चियन | २१२ | ०.४५ |
| बौद्ध | २ | ० |
| अन्य | २८ | ०.०५ |
| जम्मा | | १०० |

## १.५ शैक्षिक संस्थाहरुको विवरण

**तालिका नं.४ गा.पा.मा रहेका शैक्षिक संस्थाहरुको विवरण**

| विवरण | सामुदायिक विद्यालयहरु | धार्मिक विद्यालय (मदरसा) | निजी विद्यालय | जम्मा |
|---|---|---|---|---|
| आधारभुत तह(वालविकास -५) | ८ | ७ | १२ | २७ |
| आधारभुत(कक्षा-८) | ९ | | ७ | १६ |
| मा.वि.(कक्षा-१०) | ३ | | ३ | ६ |
| मा.वि.(कक्षा -१२) | ३ | १ | २ | ६ |
| क्याम्पस | ३ | | | १ |
| जम्मा | २४ | | २४ | ५६ |

## १.६ स्वास्थ्य संस्थाहरु

**तालिका नं.५ गा.पा.मा रहेका स्वास्थ्य संस्थाहरु को विवरण**

| वडा नं. | विवरण | कैफियत |
|---|---|---|
| १ | भिट्ठा आधारभुत स्वास्थ्य केन्द्र | भाडाको भवन |
| २ | जगन्नातपुर प्रा.स्वा.केन्द्र | आफ्नै भवन |
| ३ | सोमनी स्वास्थ्य चौकी | वडा कार्यालयको भवन |
| ४ | स्वास्थ्य चौकी | भाडाको भवन |
| ५ | स्वास्थ्य चौकी | आफ्नै भवन |
| ६ | स्वास्थ्य चौकी | आफ्नै भवन |
| ७ | स्वास्थ्य चौकी | वडा कार्यालयको भवन |
| ८ | आधारभूत स्वास्थ्य केन्द्र | आफ्नै भवन |
| ९ | स्वास्थ्य चौकी | आफ्नै भवन |

## १.७ कृषि तथा पशुस्वास्थ्य केन्द

**तालिका नं.६ : गा.पा.मा रहेका कृषि तथा पशुस्वास्थ्य केन्द्रहरु**

| वडा नं. | विवरण | कैफियत |
|---|---|---|
| १ | पशुस्वास्थ्य केन्द्र | आफ्नै भवन |
| ८ | पशुस्वास्थ्य केन्द्र | कर्मचारी नभएको |
| ८ | कृषि सेवा केन्द्र | आफ्नै भवन |
| २ | कृषि सेवा केन्द्र | आफ्नै भवन |

## १.८ प्रतापपुर गाउँपालिकाको संगठन संरचना




## १.९ संस्थागत तथा मानवीय क्षेत्रमा भएका प्रयासहरु

प्रतापपुर गाउँपालिका राज्यको पुर्नसंरचना सँगै साविकका सात ओटा गाउँ विकास समितिहरुलाई मिलाई बनेको स्थानीय सरकार हो । स्थानीय तहमा जनप्रतिनिधि आए पश्चात यस पालिकाले नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, प्रदेश कानुन तथा संघीय मामिला तथा सामान्य प्रशासन कार्यालयले जारी गरेका कानुनहरुको पालना गर्दै सेवा प्रवाह गरिराखेको छ । स्थानीय तहलाई प्राप्त अधिकार र जिम्मेबारीहरुको सम्पादनमा धैरै चुनौतीहरु पनि छन् । जनताको स्थानीय तहप्रतिको उच्च अपेक्षा र सो अनुसार भर्खरै मात्र संगठन तथा संरचना बन्दै गरेको स्थानीय सरकारको अवस्थालाई हेर्दा कतिपय कमजोर पक्षहरु पनि छन् । यद्यपि समस्याहरु र चुनौतीहरुलाई सामना गर्दै स्थानीय सरकारले आफ्ना

जिम्मेबारीहरु पूरा गर्दै आइरहेका छन् । संविधानले अधिकारसहित पहिचान दिएको स्थानीय तहमा पहिलो पटक निर्वाचित जनप्रतिनिधिहरुले पहिलो कार्याकाल सम्पन्न हुँदै गरेको अवस्था छ । गाउँपालिकाले सेवा प्रवाहका लागि गरेका प्रयासहरु संस्थागत विकासका लागि आफैमा पूर्ण र प्रयाप्त छैनन् । समयको निरन्तरता सँगै पालिकाका कार्यसम्पादन क्षमता परिमार्जन ,परिस्कृत हुँदै जानुपर्ने हुन्छ । यस सन्दर्भमा प्रतापपुर गाउँपालिकाले हालसम्म कानुन प्रदत्त जिम्मेबारीहरु सम्पादन गर्दा संस्थागत तथा मानवीय क्षमता सँग सम्बन्धित धेरै काम गरेको पनि देखिन्छ । खासगरी यस गाउँपालिकाले विकास व्यवस्थापन, शासकीय प्रबन्ध, संगठन तथा सुशासनका क्षेत्रमा गरेका केही कार्यहरुलाई बुँदागत रुपमा तल उल्लेख गरिएको छ :

- गाउँपालिकाले विकास व्यवस्थापन तथा शासकीय प्रबन्ध सँग सम्बन्धित हालसम्म ३१ वटा कानुन निर्माण भएको ।
- तोकिएको प्रक्रिया र पद्धति अनुसार वार्षिक योजना तथा कार्यक्रमहरुको सम्पादन भएको ।
- गाउँपाकिका सबै ९ ओटै वडाबाट सेवा वितरण ।
- गाउँपालिकाका सबै ९ ओटै वडामा स्वास्थ्य सेवा वितरण ।
- पालिका तथा वडा स्तरमा आवश्यक करार कर्मचारीको भर्ना सम्बन्धि नियमावली ।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार भएको तर संघीय मन्त्रालय र सभाबाट पारित हुन बाँकी ।
- सबै वडा कार्यालयमा कर संकलमा कम्प्युटर सप्टवेयर प्रणालीको उपयोग ।
- विपद व्यवस्थापन कोष निर्माण तथा परिचालन, सबै वडामा विपद व्यवस्थापन समिति गठन ।
- कृषिको व्यवसायीकरण तथा लघु उद्यम विकास प्रोत्साहन पुग्ने नीति तथा कार्यक्रमहरु ।
- गाउँपालिकाको बाहिरी चक्रपथ निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन निर्माण भइरहेको ।
- उज्यालो गाउँपालिका अभियान अन्तर्गत सोलार सडक बत्ती राख्ने कार्य भइरहेको ।
- वडा स्तरबाट सम्पादन हुने पंञ्जीकरणको कार्य अनलाइनबाट सुरुवात भएको ।
- सामाजिक सुरक्षा भत्ता बैकं मार्फत विवरण गर्ने कार्य भएको ।
- शिक्षा तथा स्वास्थ्य क्षेत्रको विकास नीति तथा वार्षिक कार्यक्रमहरु सञ्चालन ।
- संस्थागत स्वमूल्याङ्कन प्रावधानको अवलम्बन गर्दै आइरहेको ।
- पालिकाको आन्तरिक राजस्व वृद्धि गर्दै लैजाने योजना रहेको ।
- सुशासन प्रवर्द्धनका लागि ऐन तथा कार्यविधि निर्माण गरिएको ।
- विद्यमान साङ्गठनिक संरचनालाई कार्य विभाजन नियमावलीबाट संञ्चालित गरिएको ।
- जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा संघीय सरकार सँग समन्वय तथा सहकार्य ।
- गैर सरकारी संस्थाहरुसँगको सहकार्यमा विकास प्रवर्द्धन ।
- वार्षिक आय व्ययको आधारमा वार्षिक बजेट निर्माण गर्ने कार्य भएको ।

# परिच्छेद-दुई : गाउँपालिकाको क्षमता विकास योजना

## २.१ क्षमता विकास योजनाको औचित्य

नेपालको संविधान २०७२ ले स्थानीय सरकारलाई एकल तथा साझा अधिकार र जिम्मेबारी प्रदान गरी स्थानीय जनताको घरदैलोमा प्रभावकारी सेवा वितरणको परिकल्पना गरेको छ । त्यसै गरी स्थानीय सरकारको थप प्रभावकारी सञ्चालनको लागि छाता ऐनको रुपमा *स्थानीय सरकार संञ्चालन ऐन २०७४* जारी भएको छ । यस अर्थमा स्थानीय तहहरुले प्राप्त जिम्मेबारी र भूमिकाको निर्वाह गर्न जवाफदेहितालाई दिगो ढङ्गले बहन गरी प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ । यस सन्दर्भमा स्थानीय सरकारको क्षमता (संस्थागत तथा मानव संशाधन ) समय सापेक्ष सुधार हुनु पर्दछ। मानवीय सीप र क्षमताको अधिकतम् उपयोग नगरिकन स्थानीय सरकारबाट सम्पादन हुने कार्यहरु परिणाममुखी बनाउन सकिँदैन । तसर्थ संस्थागत क्षमताको निरन्तर तथा दीर्घकालीन रुपमा क्षमता विकास प्रक्रिया अगाडि बढिराख्नु पर्दछ । स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आम नागरिकका अपेक्षा र चाहना अनुरूपका हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्थाप्रति पनि नागरिकहरूमा नैराश्यता बढ्छ । यसर्थ सबै स्थानीय सरकारले मानव संशाधन, विधि र कार्यप्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा वृद्धि गरी नागरिकप्रति पूर्ण रूपमा उत्तरदायी स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक देखिन्छ।

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११४ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारहरुको संस्थागत तथा मानवीय संशाधनको क्षमता अभिवृद्धि गर्ने कार्यका लागि "क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६" जारी गरेकोछ । उक्त दिग्दर्शनको मर्म र भावना अनुसार स्थानीय सरकारले जिम्मेबारीलाई थप प्रभाकारी बनाउन क्षमता विकास योजना तथा कार्ययोजना निर्माण गरी व्यवहारिक रुपमा लागु गरिनु आवश्यक देखिन्छ । स्थानीय सरकारलाई आवश्यकतामा आधारित क्षमता विकास योजना तर्जुमा गर्न तथा उक्त योजनाको कार्यान्वयनबाट नागरिकहरूका लागि मितव्ययी तरिकाले गुणात्मक सेवा प्रदान गर्न सहज होस् भन्ने अभिप्रायका साथ स्थानीय सरकारको क्षमता विकास योजनाको महत्व रहेको छ ।

हाल गाउँपालिकाले स्थानीय विकास, सेवा प्रवाह र सुशासनका लागि सञ्चालित तथा सञ्चालनमा रहेका कार्यक्रमहरुबाट क्षमता विकासका लागि थुप्रै राम्रा प्रयासहरु गरेको भए तापनि त्यसको ठोस उपलब्धि प्राप्त नभएको स्थिति देखिन्छ। विगतमा सशक्त, स्पष्ट र कार्यमुखी क्षमता विकासको रणनीतिको अभावमा पालिकाबाट विनियोजन गरेको बजेट तथा कार्यक्रमहरुको तुलनामा परिणाममुखी उपलब्धीहरु कम प्राप्त भएको देखिन्छ। त्यसै गरी संघीय सरकारले प्रत्येक स्थानीय तहको संस्थागत क्षमता स्वमुल्याङ्कन गर्ने व्यवस्था मार्गदर्शन गरेको छ । यसरी स्थानीय सरकारका दसओटा विषयगत क्षेत्रहरुका सूचकहरुमा गरिने वार्षिक स्वमूल्याङ्कन र त्यसका परिमाणात्मक अवस्थाका आधारमा कुनै पनि स्थानीय तहको क्षमताको अवस्था आँकलन गरी सो अनुसार कार्यसम्पादन क्षमता विकास नीति तथा रणनीति अवलम्वन गर्नुपर्ने प्रावधान रहेको छ । अर्को तर्फ स्थानीय तहमा आर्थिक अनुदानको परिमाण बढ्दै गएको र राष्ट्रिय प्राकृतिक स्रोत तथा वीत्त आयोगद्धारा गाउँपालिकाको प्रभावकारी कार्यसम्पादन मापनका आधारमा स्थानीय तहहरुलाई अनुदान दिने व्यवस्था पनि हुने भएकोले स्थानीय सरकारहरुले क्षमता विकास योजना बनाइ कार्यसम्पादन गर्नुपर्ने आवश्यक देखिन्छ।

## २.२ क्षमता विकास योजनाको लक्ष्य

प्रतापपुर गाउँपालिकाको संस्थागत तथा मानव संशाधन क्षमता अभिवृद्धिमार्फत् विकास व्यवस्थापन तथा सार्वजनिक वस्तु र सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय र पारदर्शी बनाउने कार्यमा योगदान गर्नु यस क्षमता विकास योजनाको लक्ष्य रहेको छ ।

## २.३ क्षमता विकास योजनाका विशिष्ट उद्देश्यहरु

गाउँपालिकाको अधिकार र जिम्मेबारी अनुरुप सेवा वितरणलाई सर्वशुलभ, चुस्तदुरुस्त र प्रभावकारी बनाउन आवश्यक पर्ने सीप, क्षमता र दक्षता अभिवृद्धि गर्नका लागि यस योजनाका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१.गाउँपालिकाले योजना तर्जुमा, समन्वय, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाइ योजना व्यवस्थापन क्षमतामा सुधार ल्याउने ।

२.गाउँपालिकाको परिवर्तित भूमिका निर्वाहका लागि सङ्गठनात्मक तथा संस्थागत व्यवस्थामा सुधार गर्नमा सहयोग गर्ने ।

२.गाउँपालिकाको वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याउने ।

३.गाउँपालिकाको कार्यसम्पादन प्रक्रियामा सुधार ल्याई स्पष्ट तथा छिटो छरितो बनाउने ।

४.गाउँपालिकाको आन्तरिक आयमा वृद्धिमा सहयोग गर्ने ।

५.कार्य सम्पादनमा सुधार ल्याउनको लागि आवश्यक भौतिक सुविधा, कार्यालय सुरक्षा, सरसफाई तथा सूचना प्रविधिको उपलब्धतामा अभिवृद्धि गर्ने ।

६. कर्मचारीको कार्यशैलीमा सुधार तथा अन्तरसम्वन्धलाई सुदृढ गर्ने ।

## २.४ क्षमता विकास योजना तर्जुमा प्रक्रियामा अवलम्बन गरिएका विधिहरु :

यस प्रतापपुर गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा गर्दा सम्बन्धित पालिकाका मुख्य सरोकारवाला पक्षहरुको सहभागितामा आवश्यकताको पहिचान गर्न अन्तरक्रियात्मक विधि अवलम्बन गरी तयार पारिएको हो । विगतका दिनहरुमा भए गरेका अभ्यास तथा नीति योजना र कार्यक्रमहरुको समीक्षा तथा गाउँपालिकाको संस्थागत क्षमता स्वमूल्याङ्कनको अवस्थालाई आधार बनाइ कार्ययोजना निर्माण गरिएको छ । त्यसैगरी संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयले निर्माण गरेको *"क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६"* ले निर्दिष्ट गरेको खाका तथा प्रावधानहरुलाई पनि अनुशरण गरिएको छ । यसका अलावा यो क्षमता विकास योजनामा अवलम्बन गरिएका थप विधिहरुलाई तलका बुँदाहरुमा संक्षिप्त रुपमा उल्लेख गरिएको छ :

### (क) क्षमता विकास योजना तर्जुमा अभिमुखीकरण

सर्वप्रथम सम्बन्धित गाउँपालिकाका मुख्य सरोकारवाला (कार्यपालिका सदस्य, सम्बन्धित पालिका शाखाका प्रमुख तथा प्रतिनिधिहरु) को सहभागितामा विज्ञ समूहरुको सहजीकरणमा क्षमता विकास योजनाको परिचय, औचित्य तथा विधि, प्रक्रियाको बारेमा  एकदिने (२०७८ पौष २७ गते) अभिमुखिकरण कार्यक्रम संञ्चालन गरिएको थियो ।

यसका साथै क्षमता विकास योजना निर्माण कार्य समय तालिकाअनुसार सम्पन्न गर्न सजिलो होस् र यसको कार्यान्वयनमा पनि सहज होस् भन्ने उदेश्यकासाथ क्षमता विकास योजना समन्वय समितिको गठनबारे व्यापक छलफल भएको थियो । सोही छलफलको निष्कर्षको आधारमा क्षमता विकास  योजना निर्माण र कार्यन्वयनको लागि समितिको गठन तथा जिम्मेवारी तोकिएको छ ।

**(ख) सूचना सङ्कलन तथा सर्वेक्षण कार्य**

विज्ञ समूहबाट क्षमता विकास योजनासँग सम्बन्धित दस्तावेजहरु- जस्तै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, गाउँपालिकाको नीति तथा कार्यक्रम, वार्षिक समीक्षा प्रतिवेदन, वार्षिक योजना तथा कार्यक्रम, विगत तीन वर्षको बजेट तथा कार्यक्रम, गाउँपालिकाको संगठनात्मक तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, विगत दुई बर्षको संस्थागत स्वामूल्याङ्कनको नतिजा, गाउँपालिकाले निर्माण गरेका कानुनहरुको अध्ययन गरिएको थियो । अभिमुखीकरण कार्यक्रमको अतिरिक्त सम्बन्धित शाखा तथा सरोकारवाला पक्षहरुसँग क्षमता विकासको विधमान स्थिति र आवश्यकताहरुको बारेमा बृहत् छलफल, विश्लेषण, प्राथमिकीकरण गरिएको थियो । त्यसैगरी पालिका तथा वडास्तरमा सानो समूह छलफल, मुख्य सूचनादातासँगको अर्न्तवार्ता, वडा कार्यालयहरुको अवलोकन, जनप्रतिनिधिहरुसँग छलफल गरी संस्थागत तथा मानवीय क्षमता सँग सम्बन्धित जानकारीको सङ्कलन गरिएको थियो । त्यसैगरी पालिकाको विद्यमान क्षमता विश्लेषणका लागि सम्बन्धित शाखाका शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत अन्य सरोकारवाला कर्मचारीहरुबाट संस्थागत तथा मानवीय क्षमता लेखाजोखा फारामहरु भरिएको थियो ।

प्राप्त दस्तावेज अध्ययन र छलफल पश्चात क्षमता विकास योजनाले समेट्नु पर्ने विषयवस्तु, सूचना सम्बन्धित शाखाहरुबाट प्राप्त गर्ने कार्य गरिएको थियो । क्षमता विकासका योजनाको लागि आवश्यकतामा आधारित क्रियाकलाप तथा सूचना सङ्कलनका लागि प्रश्नावलीको तयारी पश्चात सेवाप्रदायक पक्षहरु शाखा प्रमुख, वडा अध्यक्ष, वडा सचिव तथा नमुना सर्वेक्षणमा परेका सेवाग्राही नागरिकहरुबाट सूचना सङ्कलन गर्ने काम गरिएको थियो ।

क्षमता विकास योजनाको लागि अनुमानित लागत तथा बजेटबारे समेत सम्बन्धित पक्षसँग छलफल तथा अन्तरक्रिया गरिएको थियो । क्षमता विकास योजना अनुसार क्षमता विकास कार्यक्रमका लागि सम्बन्धित पालिकाले आन्तरिक रुपमा र बाह्य निकायहरुले समेत गर्नसक्ने योगदानको लेखाजोखा गरी स्रोतको अनुमान तयार पारी सोही आधारमा प्राथमिकता प्राप्त कार्यक्रमहरुलाई यो योजनामा समेटिएको छ ।

**ग) क्षमता विकास योजना दस्तावेज निर्माण तथा प्रस्तुतीकरण**

क्षमता विकास योजना तर्जुमाका विधि तथा प्रक्रिया, कार्यक्रम तथा क्रियाकलापहरु, लक्ष्यहरु, स्रोत तथा समय तालिकासहित तोकिएको ढाँचामा मस्यौदा(क्षमता विकास योजना) प्रतिवेदन तयार पारिएको थियो । सम्बन्धित पालिकाका मुख्य सरोकारवाला पक्षहरु(कार्यपालिका सदस्य तथा शाखा प्रमुख) को सहभागितामा  मिति २०७८ फागुन ११ गते छलफल तथा सुझाव सङ्कलन गरी क्षमता विकास योजनामा समेट्नु पर्ने थप विषयवस्तुहरुलाई समावेश गरी अन्तिम प्रतिवेदन निर्माण

गरियो । सोही अनुरुप अन्त्यमा सुझावहरुलाई समेटी, त्रुटिहरुलाई सच्याउने, छुटेका विषयवस्तु र क्रियाकलाप समावेश गरी क्षमता विकास योजनालाई अन्तिम रुप प्रदान गरी गाउँपालिकालाई प्रस्तुत गरिएको थियो ।

## २.५ क्षमता विकास योजनाका निर्माणका सीमाहरु

(क) प्रतापपुर गाउँपालिकाको क्षमता विकास योजना गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरु, कार्यरत कर्मचारी, विषयगत शाखा र केही प्रतिनिधि सेवाग्राहीसँगको छलफल र अन्तरकियाबाट तयार पारिएको छ । गाउँपालिका सँग अन्य प्रत्यक्ष तथा परोक्ष रुपमा सरोकार राख्ने समूहका विचारहरु नसमेटिएको हुन सक्छ ।

(ख) विद्यमान स्थानीय सरकार सञ्चालन ऐन, गाउँपालिकाका अन्य ऐन, नियम, कार्यविधि र स्थानीय तह सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेशका आधारमा तयार गरिएको तर कतिपय कानुनहरु नयाँ बन्ने क्रममा पनि रहको हुँदा अन्य धेरै महत्वपूर्ण विषय छुटेका हुन सक्छन् ।

(ग) गाउँपालिका भित्रका कतिपय प्रत्यक्ष तथा अप्रत्यक्ष सरोकार राख्ने समूह, सामुदायिक संस्था, नागरिक समाज तथा अन्य संघसंस्थाहरु सँग समय र स्रोतको सीमितताका कारणले प्रयाप्त छलफल सुझावको अभाव रहन सक्ने ।

(घ) गाउँपालिकाको क्षमता विकास योजनालाई कार्यान्वयन गर्न संघ, प्रदेश एवम् विकास साझेदारबाट आर्थिक, प्राविधिक सहयोगको अपेक्षा गरिएको छ ।

(घ) योजना कार्यान्वयनका लागि स्रोत साधनको आंशिक मात्रामा यथार्थ यकिन भएको अवस्थामा योजना तयार गरिएको हुँदा कार्यान्वयनमा स्रोत साधनको उपलब्धता र खर्च व्यवस्थापनमा जोखिम रहन सक्छ ।
(ङ) नयाँ प्रस्तावित कार्य विभाजन नियमावलीलाई आधार मानी शाखागत कार्य विवरण तयार गरिने हुँदा विद्यमान शाखागत कार्य क्षेत्रमा भिन्नता देखिन सक्छ ।

# परिच्छेद-तीनः गाउँपालिकाको वर्तमान अवस्था विश्लेषण

## ३.१ गाउँपालिकाको साङ्गठनिक अवस्था

प्रतापपुर गाउँपालिकाको वर्तमान अवस्थाको अध्ययन गर्ने सन्दर्भमा यसको विद्यमान साङ्गठनिक संरचनाको समेत पुनरावलोकन गरिएको थियो । गाउँपालिकालाई प्रचलित कानुनले तोकेको कार्य जिम्मेवारी, यसले हासिल गर्न खोजेका दीर्घकालीन लक्ष्यहरू एवम् यसबाट गाउँपालिका बासीहरूले राखेका अपेक्षाहरू पूरा गर्न सक्ने गराउन र गाउँपालिकाको साङ्गठनिक सुदृढीकरण सम्बन्धी सुधारात्मक क्रियाकलापहरूको पहिचान गरी कार्यान्वयन योजना तयार गर्ने उद्धेश्यले विद्यमान सङ्गठन स्वरूप, दरबन्दी, कार्यबोझ, जनशक्ति विकासको अवस्था र आन्तरिक स्रोत परिचालनको अवस्थालाई सहभागितात्मक पद्धतिबाट लेखाजोखा गरिएको थियो । यसका लागि कार्यालयले उपलब्ध गराएको सूचना तथा सरोकारवालाहरु सँगको छलफल तथा पृष्ठपोषणलाई मुख्य आधारको रूपमा लिइएको छ ।

स्थानीय सरकारले प्राप्त जिम्मेबारी र वितरण गर्नुपर्ने सेवा सुविधालाई मध्यनजर गर्दा यसको संस्थागत क्षमताको आँकलन विद्यमान साङ्गठनिक स्वरुप र व्यवस्थापनमा भर पर्दछ । सङ्गठन संरचना कै आधारमा कर्मचारीहरू परिचालन हुने र कर्मचारीहरू मार्फत नै सङ्गठनले सेवा प्रवाह गर्न सक्ने हुँदा सङ्गठनका क्रियाकलापहरूलाई दिशानिर्देश गर्नमा सङ्गठन संरचनाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस प्रतापपुर गाउँपालिकाले साङ्गठनिक संरचना परिमार्जन गर्दै आइरहेको देखिन्छ । पालिकाभित्र रहेका प्रसाशनिक इकाई, शाखा, उपशाखाहरुको स्पष्ट कार्य विवरण सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७८ निर्माण भएको छ । प्रतिवेदनले सिफारिस गरेअनुसार हालसम्म साङ्गठनिक संरचना लागु हुन सकेको देखिएन । अर्कोतर्फ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको प्रस्तावित संरचना संघीय मन्त्रालय र पालिकाको सभाबाट पनि पारित नभएको आवस्था देखिन्छ । हाल गाउँपालिकाको विद्यमान साङ्गठनिक स्वरुप, शाखा, उपशाखा तथा इकाईहरु निम्न अनुसार रहेका छन् :

### ३.१.१ गाउँपालिकाको साङ्गठनिक स्वरुप

**१. प्रशासन योजना तथा अनुगमन शाखा**

(क) प्रशासन इकाई
(ख) आर्थिक प्रशासन इकाई
(ग) योजना तथा अनुगमन इकाई
(घ) कानुनी मामिला इकाई
(ङ) वडा कार्यालयहरु

**२.पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा**

(क) सडक तथा अन्य पूर्वधार इकाई
(ख) भवन तथा बस्ती विकास इकाई

**३.सामाजिक विकास तथा आर्थिक विकास शाखा**

(क) सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाई
(ख) महिला, बालबालिका तथा समाज कल्याण इकाई
(ग) आन्तरिक लेखा परीक्षण एकाई
(घ) सहकारी उद्योग तथा रोजगार केन्द्र
(ङ) कृषि तथा पशुसेवा

### ४. शिक्षा ,युवा तथा खेलकुद शाखा

- बालविकास केन्द्र
- विद्यालयहरु
- खेलकुद समिति/केन्द्र
- युवाविकास समिति
- स्थानीय स्तरका प्राविधिक तथा व्यवसायिक तालिम केन्द

### ५. स्वास्थ्य तथा जनसँख्या शाखा

- स्वास्थ्य तथा सरसफाई इकाई
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा इकाई
- नर्सिङ तथा पोषण ईकाई

## ३.१.२ गाउँपालिकाको जनशक्तिको विवरण

**तालिका नं. ७ प्रतापपुर गाउँपालिकाको कार्यालय दरबन्दी तेरिज**

| क.सं | पद | तह | सेवा | समुह | स्वीकृत दरबन्दी | अन्य सेवाबाट समायोजन हुने दरबन्दी | बाँकी दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औ | प्रशासन | सा.प्र. | १ | | | |
| २ | इन्जिनियर | ६/७/८ औ | इन्जि | सिभिल | १ | | १ | |
| ३ | अधिकृत | ६/७/८ औ | शिक्षा | शि.प्रं | १ | | १ | |
| ४ | अधिकृत | ६/७/८ औ | प्रशासन | लेखा | १ | | १ | |
| ५ | अधिकृत | ६/७/८ औ | प्रशासन | सा.प्र | २ | | २ | |
| ६ | आन्तरिक लेखा परीक्षक | ५ औ | प्रशासन | लेखा | १ | | १ | |
| ७ | सहायक | ५ औ | प्रशासन | सा.प्र | ४ | | ४ | |
| ८ | कम्प्युटर अपरेटर | ५ औ | विविध | | १ | | १ | |
| ९ | लेखा सहायक | ५ औ | प्रशासन | लेखा | १ | | १ | |
| १० | प्रा.स | ५ औ | शिक्षा | शि.प्र. | १ | | १ | |
| ११ | हे.अ. | ५/६ औ | स्वास्थ्य | हे.ई. | १ | | १ | |
| १२ | सब-इन्जिनियर | ५/६ औ | इन्जि | सिभिल | १ | | १ | |
| १३ | अ.सव.इन्जिनियर | चौथो | इन्जि | सिभिल | १ | | १ | |
| १४ | स.महिला विकास निरीक्षक | चौथो | विविध | | १ | | १ | |
| १५ | आ.पा.स.टे. | चौथो /पाचौ | इन्जि | सिभिल | १ | | १ | |
| **कार्यालयतर्फ जम्मा** | | | | | १९ | ० | १८ | |
| | **वडा कार्यालय( ९वटा)** | | | | | | | |
| १ | सहायक | ५ औ | प्रशासन | सा.प्र. | ४ | | ४ | |
| २ | सव-इन्जिनियर | ५ औ | इन्जि | सिभिल | ४ | | ४ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | ५ | ५ | ० | |
| ४ | अ.सव-इन्जिनियर | चौथो | इन्जि | सिभिल | ५ | १ | ४ | |
| **वडा कार्यालय तर्फ जम्मा** | | | | | १८ | ६ | १२ | |
| **कूल जम्मा** | | | | | ३७ | ६ | ३० | |

तालिका नं.८ प्रतापपुर गाउँपालिका कार्यालयमा कार्यरत जनशक्तिको विवरण

| क्र.स | पद | शाखा | नियुक्तिको प्रकार |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | कार्यालय प्रमुख | स्थायी |
| २ | लेखा अधिकृत छैठौं | आर्थिक प्रशासन तथा राजेस्व शाखा | स्थायी |
| ३ | कविराज अधिकृत सातौं | आयुर्वेद तथा वैकल्पिक चिकित्सा इकाई | स्थायी |
| ४ | सूचना प्रविधि अधिकृत | सूचना प्रविधि तथा तथ्यांक व्यवस्थापन शाखा | करार |
| ६ | शिक्षा अधिकृत छैठौं | शिक्षा युवा तथा खेलकुद | स्थायी |
| ७ | सिभिल इन्जिनियर | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | करार |
| ८ | रोजगार संयोजक | रोजगार सेवा केन्द्र पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन | करार |
| ९ | महिला बाल विकास अधिकृत | | स्थायी |
| १० | कृषि विकास अधिकृत | कृषि ,सहकारी | करार |
| ११ | सिभिल सब-इन्जिनियर | शाखा | करार |
| १२ | सहायक पाँचौ | आर्थिक प्रशासन तथा राजस्व शाखा | स्थायी |
| १३ | सहायक पाँचौ | आ.प.ले. इकाई | स्थायी |
| १४ | सहायक पाँचौ | सामान्य प्रशासन इकाई | स्थायी |
| १५ | सहायक पाँचौ | सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाई | करार |
| १६ | कृषि प्राविधिक सहायक पाँचौ | कृषि विकास शाखा | स्थायी |
| १७ | जनस्वास्थ्य संयोजक | स्वास्थ्य आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखा | स्थायी |
| १८ | हेल्थ असिस्टेन्ट | स्वास्थ्य आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखा | स्थायी |
| १९ | सिभिल सब -इन्जिनियर | रोजगार सेवा केन्द्र | करार |
| २० | सहायक चौथो | जिन्सी तथा भण्डारण इकाई | स्थायी |
| २१ | स.म.बि.नि.सहायक चौथो | सामाजिक विकास शाखा | स्थायी |
| २२ | प्राविधिक सहायक अ.ई.स. | योजना अनुगमन तथा मुल्यांकन इकाई | स्थायी |
| २३ | प्राविधिक सहायक अ.ई.स. | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | स्थायी |
| २४ | प्राविधिक सहायक अमिन | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | करार |
| २५ | नायव पशु प्राविधिक | पशुपन्छी विकास शाखा | करार |
| २६ | फिल्ड सहायक | सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई | करार |
| २७ | सहायक चौथो | दर्ता चलानी | करार |
| २८ | पोषण कार्यकर्ता | बहुक्षेत्रीय पोषण कार्यक्रम | करार |
| २९ | सहजकर्ता | मे.डे.पा. | करार |

| क्र.स | पद | शाखा | नियुक्तिको प्रकार |
|---|---|---|---|
| ३० | सहजकर्ता | मे.डे.पा. | करार |
| ३१ | सवारी चालक | सवारी चालक | करार |
| ३२ | कार्यालय सहयोगी | कार्यपालिका | स्थायी |
| ३३ | कार्यालय सहयोगी | कार्यपालिका | करार |
| ३४ | कार्यालय सहयोगी | कार्यपालिका | करार |
| ३५ | सहायक पाँचौ वडा सचिव | वडा नं. २ | स्थायी |
| ३६ | सहायक पाँचौ वडा सचिव | वडा नं. ५र८ | स्थायी |
| ३७ | सहायक पाँचौ वडा सचिव | वडा नं. ७ | स्थायी |
| ३८ | वडा सचिव | वडा नं. १ | स्थायी |
| ३९ | वडा सचिव | वडा नं. ३ | स्थायी |
| ४० | वडा सचिव | वडा नं. ४ | स्थायी |
| ४१ | वडा सचिव | वडा नं. ६ र ९ | स्थायी |

प्रतापपुर गाउँपालिकाको वडा कार्यालयको संख्या, सेवाग्राहीहरुको संख्या, नागरिकको स्थानीय सरकारप्रतिको अपेक्षालाई समीक्षा गर्दा विद्यमान गाउँपालिकाको संरचना तथा जनशक्तिको अपर्याप्तता रहेको देखिन्छ । हाल यस गाउँपालिकामा प्राविधिक र अप्राविधिक, प्रशासनिक तथा श्रेणी विहीन, स्थायी, अस्थायी र करार प्रकृतिका कर्मचारीहरु यस कार्यालयमा रहेको देखिन्छ । विद्यमान दरबन्दी अन्तर्गत कुल ३७ मध्ये पनि ३० जना स्थायी दरबन्दीमा जनशक्ति रिक्त रहेको अवस्था देखिन्छ । गाउँपालिकाको दैनिक कार्य संञ्चालनको लागि पालिका तथा वडा कार्यालयमा प्राविधिक, प्रशासनिक तथा श्रेणी विहिन कर्मचारीहरुलाई करारमा व्यवस्थापन गरेको देखिन्छ । पालिकाको मौजुदा ४ ओटा शाखा तथा ९ ओटा इकाई र वडा कार्यालयहरुको लागि उपलब्ध दरबन्दी र कार्यरत कर्मचारीको अभाव देखिन्छ । त्यसैगरी पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनले प्रस्तावित गरेको साङ्गठनिक संरचना अनुसारको शाखा, उप-शाखा तथा इकाईहरुका लागि थप जनशक्तिको आवश्यकता देखिन्छ । अर्कोतर्फ विद्यमान गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको लागि पनि उपयुक्त कार्यस्थल, उपकरण, भवन, फर्निचर तथा अन्य आवश्यक उपकरणको अभाव रहेको देखिन्छ । उपलब्ध जनशक्तिहरुको कार्यदक्षता, ज्ञान, सीप अभिवृद्धि गर्ने किसिमका तालिम, अभिमुखीकरण तथा उत्प्रेणाको अभाव रहेको अनुभव कर्मचारीको रहेका छ ।

त्यसैगरी जिम्मेवारी र कार्यक्षेत्र अनुरुप कार्यसम्पादन, समन्वय र सुपरिवेक्षण अपर्याप्तता रहेको देखिन्छ । सूचना प्रणाली समय सापेक्ष ढङ्गले सुधार हुन नसकेको कारणबाट सेवा प्रवाहमा कठिनाइ , संस्थागत अभिलेखीकरण व्यवस्थापन तथा अद्यावधिक हुन नसकेकोले शाखागत संञ्चारमा पनि कठिनाइ देखिन्छ । यस अर्थमा पालिकाको आन्तरिक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप प्रभावकारी बनाउनु आवश्यक रहेको देखिन्छ । गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाइ गुणस्तरीय सेवा प्रदान गर्नका लागि संगठन व्यवस्थापन सर्वेक्षणका आधारमा आवश्यक दरवन्दी गाउँसभाबाट स्वीकृत गरी मानवीय संशाधनको रिक्ततालाई परिपूर्ति गर्नुपर्ने आवश्यकता देखिन्छ । प्रतापपुर गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७८ ले विद्यमान संरचना र संगठनमा देखिएका समस्याहरुलाई निम्न अनुसार उल्लेख गरेको पाइयो :

- कर्मचारी समायोजन गर्दा गरिएको संगठन संरचना र दरबन्दी तेरिज अनुसारका सबै कर्मचारी हालसम्म पनि पूर्ति हुन सकेका छैनन् जसका कारण हालको संगठन र दरबन्दी सङ्क्रमणकालीन अवस्थामा नै रहेको छ ।

- नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७४।१२।१४ को निर्णयबाट निर्धारण गरिएको दरबन्दी विवरण र कर्मचारी समायोजन प्रयोजनको लागि प्रतापपुर गाउँपालिकाको लागि निर्धारण गरिएको दरवन्दी तेरिजमा रहको विवरण फरक फरक रहको छ। जसले द्बिविधा सिर्जना गरेको छ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वास्थ्य सेवा तर्फको संगठन संरचना र दरबन्दी बेग्लै तोकेको छ। प्राथमिक स्वास्थ्य केन्द्र स्थानीय तहमा हस्तान्तरण भैसकेको सन्दर्भमा प्रा.स्वा.के.को भने अझैसम्म दरबन्दी निर्धारण गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐनले नेपाल सरकारबाट एक पटक कर्मचारी समायोजन भइ आएपछि त्यस पछि भने स्वयम् गाउँपालिकाले संगठन विकास अध्ययन मार्फत दरबन्दी पुनरावलोकन गर्न सक्ने व्यवस्था गरेको छ। तसर्थ गाउँपालिकाको कार्यबोझ विश्लेषण गरी गाउँपालिकामा समायोजन भएका कर्मचारी र कार्यरत साविकको स्थानीय निकायका कर्मचारीहरुको उचित व्यवस्थापन हुने थरी प्रभावकारी संगठन संरचना तय गर्न जरुरी छ।
- संविधानले तोकेका स्थानीय तहका काम कर्तव्यलाई शाखा तथा इकाईहरु मार्फत कार्यान्वयन गर्न शाखा इकाईहरु नछुट्याइएको संगठन संरचना तथा दरबन्दी संरचना तयार नभएको, कार्य विवरण तयार नगरिएको जसले काम, कर्तव्यको अस्पष्टताका कारण जवाफदेहिताको कमी महसुस भएको।
- काममा दोहोरोपन तथा अस्पष्टताका कारण कार्यसम्पादनका अवस्थामा सरोकारवालाका बिचमा द्वन्दको अवस्था पनि सिर्जना हुने गरेको।
- जनताको घर नजिकको स्थानीय सरकार जनशक्ति अभावका कारणले पूर्ण रुपमा अधिकार र जिम्मेवारी पूरा गर्न चुनौती रहेको।

## ३.२ प्रतापपुर गाउँपालिकाको प्रस्तावित साङ्गठनिक संरचना

प्रतापपुर गाउँपालिका नयाँ गठन भएको गाउँपालिका भएको भएपनि जनसंख्याको हिसावले ठुलो गाउँपालिकाको रुपमा देखिन्छ। संवैधानिक तथा कानुनी अधिकारको कार्यक्षेत्रको आधारमा प्रतापपुर गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रहने गरी देहाय अनुसार ९ वटा शाखा र २३ इकाई प्रस्ताव गरिएको छ।

**तालिका नं. ९ प्रतापपुर गाउँपालिको प्रस्तावित सागठनिक संरचना**

| क्र.सं. | शाखा | इकाईहरु |
|---|---|---|
| | कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |
| १ | सामान्य प्रशासन शाखा | १.सामान्य प्रशासन उपशाखा (वडा कार्यालयहरु ९ वटा)<br>२. जिन्सी उपशाखा<br>३. कानुनी मामिला उपशाखा<br>४. सामाजिक सुरक्षा तथा पञ्जिकरण उपशाखा<br>५. नगर प्रहरी इकाई<br>६. दर्ता चलानी तथा नागरिक सहायता इकाई |
| २ | योजना तथा अनुगमन शाखा | १. योजना तथा अनुगमन शाखा<br>२. सूचना तथा तथ्याङ्क व्यवस्थापन उपशाखा |
| ३ | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन | १. सडक तथा अन्य पूर्वाधार विकास उपशाखा<br>२. भवन तथा बस्ती विकास उपशाखा |

| क्र.सं. | शाखा | इकाईहरु |
|---|---|---|
| | शाखा | ३. वातावरण, सरसफाई एवं विपद् व्यवस्थापन उपशाखा |
| ४ | सामाजिक विकास शाखा | १. शिक्षा, युवा तथा खेलकुद शाखा<br>३. महिला, बालबालिका तथा समाज कल्याण उपशाखा |
| ५ | स्वास्थ्य शाखा | १.स्वास्थ्य शाखा (१. प्राथमिक स्वास्थ्य केन्द्र, २. आयुर्वेद शाखा/आयुर्वेद औषधालय,<br>३. स्वास्थ्य चौकीहरु ७ वटा) |
| ६ | आर्थिक प्रशासन शाखा | १. आर्थिक प्रशासन शाखा<br>२. राजस्व प्रशासन उपशाखा |
| ७ | आर्थिक विकास शाखा | १. कृषि विकास उपशाखा<br>२. पशुपंक्षी विकास उपशाखा<br>३. सहकारी, उद्योग तथा रोजगार प्रवर्द्धन उपशाखा |
| ८ | आन्तरिक लेखापरीक्षणशाखा | १. आन्तरिक लेखापरीक्षण शाखा |
| ९ | वडा कार्यालय | ९ वडा वडा कार्यालय |

उपरोक्त मध्ये आन्तरिक लेखापरीक्षण इकाई प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा रहन उपयुक्त हुने । गाउँपालिकामा रहने विषयगत शाखा तथा इकाईहरु र वडा कार्यालयहरु र सोको दरबन्दी विवरण देहाय अनुसार रहने छन् ।

**तालिका नं. १० प्रस्तावित शाखा र ईकाइको रुपमा दरबन्दीको विवरण**

| क्र.सं. | शाखा | इकाईहरु | रहने दरबन्दी | अधिकृत | सहायक | श्रेणी विहिन | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | **कार्यालय प्रमुख** | | प्रमुख प्रशासकीय अधिकृत (रा.प. दुतीय/तृतीय) | १ | | | |
| | | | कार्यालय सहयोगी | | | **१** | |
| | **जम्मा** | | | १ | | १ | २ |
| १ | **प्रशासन शाखा** | शाखा प्रमुख | अधिकृत (प्र.) छैठौं/सातौं | १ | | | |
| | | १। सामान्य प्रशासन तथा जनशक्ति विकास इकाई | सहायक पाचौं (प्र.) | | १ | | |
| | | | कम्प्युटर अपरेटर (विविध) सहायक पाँचौं/चौथो | | २ | | |
| | | | कार्यालय सहयोगी | | | ४ | |
| | | | हलुका सवारी चालक | | | ३ | |
| | | | माली | | | २ | |
| | | २. जिन्सी तथा भण्डारण इकाई | सहायक पाँचौ/चौथो (प्र.) | | १ | | |
| | | ३. कानुनी मामिला | सहायक पाँचौ (न्याय) | | १ | | |
| | | ४. नगर प्रहरी परिचालन इकाई | नगर प्रहरी सनिरिक्षक पाँचौ/चौथो | | १ | | |
| | | | नगर प्रहरी सिपाही | | | ५ | |
| | | ५.दर्ता चलानी तथा नागरिक सहायता इकाई | सहायक पाँचौ/चौथो (प्र.) | | १ | | |
| | **जम्मा** | | | **१** | **७** | **१४** | **२२** |
| २ | | शाखा प्रमुख | अधिकृत (प्र.) छैठौं/सातौं | १ | | | |
| | | २. योजना तथा अनुगमन इकाई | सहायक पाँचौं (प्र.) | | १ | | |
| | | ३. सूचना तथा तथ्याङ्क व्यवस्थापन इकाई | सूचना प्रविधि अधिकृत छैठौं (प्रा.) | १ | | | |
| | | | तथ्यांक सहायक पाँचौं(आ.यो.त.) | | १ | | |
| | **जम्मा** | | | **२** | **२** | | **४** |
| ३ | **पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन** | शाखा प्रमुख | ईन्जिनियर छैठौ/सातौंरआठौं (ई.रसिभिल) | १ | | | |
| | | १ सडक तथा अन्य पूर्वाधार विकास इकाई | सव ईन्जिजियर (सिभिल) | | ६ | | |

| क्र.सं. | शाखा | इकाईहरु | रहने दरबन्दी | अधिकृत | सहायक | श्रेणी विहिन | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | शाखा | | असिष्टेण्टसवइन्जिनियर | | ३ | | |
| | | २. भवन तथा वस्ती विकास इकाई | ईन्जिनियर (प्रा.) छैठौ/सातौं (सिभिल) | १ | | | |
| | | | सब–ईन्जिजियर (सिभिल) | | १ | | |
| | | | सर्वेक्षक/अमिन चौथो/पाँचौ | | १ | | |
| | | ३. वातावरण तथा विपद्व्यवस्थापन इकाई | सहायक पाँचौ (प्र.) | | १ | | |
| | | | खा.पा.स.टे. पाँचौ | | १ | | |
| | | | दमकल चालक | | | १ | |
| | | | फायरम्यान | | | ४ | |
| | **जम्मा** | | | **२** | **१३** | **५** | **२०** |
| ४ | **शिक्षा, युवा तथा खेलकुद शाखा** | शाखा प्रमुख | अधिकृत छैठौं/सातौं/आठौं (शिक्षा) | १ | | | |
| | | १. आधारभूत तथा माध्यमिक शिक्षा इकाई | प्राविधिक सहायक पाँचौं. (शिक्षा) | | १ | | |
| | | २. युवा, खेलकुद तथा अतिरिक्त क्रियाकलाप इकाई | प्राविधिक सहायक पाँचौं. (शिक्षा) | | १ | | |
| | **जम्मा** | | | **१** | **२** | | **३** |
| ५ | **स्वास्थ्य, आयुर्वेद तथा वैकल्पिक चिकित्सा शाखा** | शाखा प्रमुख | जनस्वास्थ्य अधिकृत सातौं र आठौं | १ | | | |
| | | | स्वास्थ्य हे.इ. पाँचौं र छैठौं | १ | | | |
| | | | क.न. / प.हे.न. पाँचौं / छैठौं | | १ | | |
| | | | कविराज पाँचौं र छैठौं र सातौं | १ | | | |
| | | | | प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमा रहने कर्मचारी यस सर्वेक्षणमा नसमेटिएको | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | आयुर्वेद स्वास्थ्य केन्द्र तथा आयुर्वेद औषधालयमा रहने कर्मचारी यस सर्वेक्षणमा नसमेटिएको | | | |
| | | | | | | | |
| | **जम्मा** | | | **३** | **१** | | **४** |
| ६ | **आर्थिक प्रशासन तथा राजस्व शाखा** | शाखा प्रमुख | लेखाअधिकृतछैठौं/सातौं | १ | | | |
| | | | लेखापाल | | १ | | |

| क्र.सं. | शाखा | इकाईहरु | रहने दरबन्दी | अधिकृत | सहायक | श्रेणी विहिन | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | राजस्व प्रशासन इकाई | सहायक पाँचौं (प्र.) | | १ | | |
| | **जम्मा** | | | **१** | **२** | | **३** |
| ७ | **आर्थिकविकास शाखा** | शाखा प्रमुख | अधिकृत छैठौ/सातौं (प्र.) | १ | | | |
| | | १. कृषि विकास इकाई | कृषि विकास अधिकृत छैठौ/सातौं(कृषि) | १ | | | |
| | | | प्राविधिक सहायक (कृषि) पाचौं/चौथो | | १ | | |
| | | २. पशुपंक्षी विकास इकाई | पशुविकास अधिकृत छैठौ/सातौं (पशु) | १ | | | |
| | | | पशु स्वास्थ्य प्राविधिक चौथो/पाँचौ | | १ | | |
| | | | माछा प्राविधिक पाँचौ | | १ | | |
| | | ३. सहकारी तथा उद्योग व्यवसाय प्रवर्द्धन इकाई | सहायकपाँचौ (प्र.) | | १ | | |
| | | ४. रोजगार सेवा इकाई | सहायक पाँचौं (प्र.) | | १ | | |
| | **जम्मा** | | | **३** | **५** | | **८** |
| ८ | **सामाजिक विकासशाखा** | शाखा प्रमुख | अधिकृत छैठौं/सातौं (प्र.) | १ | | | |
| | | १. सामाजिक सुरक्षा तथा पन्जिकरण इकाई | सहायक पाँचौं (प्र.) | | १ | | |
| | | २. महिला, बालबालिका ,ज्येष्ठ नागरिक तथा समाज कल्याण इकाई | महिला विकास निरिक्षक सहायक पाँचौ/चौथों (विविध) | | १ | | |
| | **जम्मा** | | | **१** | **२** | | **३** |
| ९ | **आन्तरिक लेखापरीक्षण शाखा** | शाखाप्रमुख | आन्तरिक लेखापरीक्षक (सहायक पाँचौ) | | १ | | |
| | **जम्मा** | | | | **१** | | **१** |
| ९क) | गाउँपालिकामा रहने जम्मा कर्मचारी | | | १५ | ३५ | २० | ७० |
| | **वडा कार्यालय तर्फ** | वडा कार्यालय | वडा सचिव सहायक (प्र.) पाँचौ | | ९ | | |
| | | | कार्यालय सहायक (प्र.विविध) चौथो | | ९ | | |
| | | | कार्यालय सहयोगी | | | ९ | |
| ९ख) | वडा कार्यालयमा रहने कर्मचारी जम्मा | | | | १८ | ९ | २७ |

| क्र.सं. | शाखा | इकाईहरु | रहने दरबन्दी | अधिकृत | सहायक | श्रेणी विहिन | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | कुल दरबन्दी संख्या (क र ख ) को जम्मा | | | १५ | ५३ | २९ | ९७ |

**नोटः** विभिन्न कार्यक्रम अन्तर्गत कार्यरत एम.आई.एस. अपरेटर, रोजगार संयोजक, खानेपानी तथा सरसफाई संयोजक लगायत कर्मचारीलाई यस दरबन्दी तेरिजमा समावेश गरिएको छैन । निजहरुलाई नियुक्तिको सेवा शर्त मिल्दो शाखा वा इकाई अन्तर्गत राखी काममा लगाउन सकिनेछ। यस दरबन्दी संरचनामा नपरेका तर स्थानीय तहको कार्यसम्पादनका लागि आवश्यक हाल कार्यरत प्राविधिक कर्मचारीहरु स्थानीय तहले क्लष्टर बनाई काममा खटाउन सक्नेछ ।

## ३.३ संस्थागत क्षमता स्वमूल्याङ्कनको अवस्था

स्थानीय सरकारहरुको समग्र पक्षको कार्यसम्पादन तथा सेवासुविधाको वितरणको प्रभाबकारीता मापन गर्ने एउटा महत्वपूर्ण आधार संस्थागत स्वमूल्याङ्कन पनि रहेको छ । यस संयन्त्रलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारको कार्य प्रक्रिया र उपलब्धीहरुको लेखालोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गर्न संस्थागत क्षमता स्वमूल्याङकको प्रावधान आ.व. २०७७/०७८ बाट सुरु गरेको छ । जसका लागि स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ८० को प्रयोजनको लागि स्थानीय तहको संस्थागत क्षमता स्वमूल्यङ्कन कार्यविधि २०७७ जारी गरेको छ । कार्यविधि अनुसार हरेक स्थानीय तहले १० ओटा क्षेत्रमा सय ओटा सूचकहरुको परिधिमा बसेर स्थानीय तहले आफ्नो मुल्याङ्कन कार्यसम्पादन सूचकका आधारमा गरेका छन । उक्त प्रावधान अनुसार स्थानीय तहले आफ्नो कार्यसम्पादनको दुई आर्थिक वर्षको नतिजा प्राप्त गरिसकेको देखिन्छ । स्वमूल्याङ्कन कार्यविधिमा दसओटा क्षेत्रहरुमा सयओटा सूचकहरु तय गरिएको छ । जसमा शासकीय प्रबन्ध,संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तिय एवं आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह,न्यायीक कार्यसम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन र सहकार्य र समन्वयका मुख्य विषय क्षेत्रहरु रहेका छन् । यस स्वमूल्याङ्कन प्रावधानको उद्देश्य स्थानीय तहबाट वितरण गरिने सेवा सुविधाहरुलाई पारदर्शी एवं मितव्ययी र प्रभावकारी बनाउन संस्थागत क्षमता विकासमा सहयोग पुऱ्याउनु रहेको छ ।

यस सन्दर्भमा प्रतापपुर गाउँपालिकाको दुई आर्थिक वर्षमा सम्पादन गरेको कार्य प्रगतिको संस्थागत स्वमूल्याङ्नको अवस्थाको विश्लेषण गरिएको छ । विगत दुई वर्षमा यस गाउँपालिको संस्थागत स्वमूल्याङ्न गरिएका विषय क्षेत्रहरुमा प्राप्त नतिजाको समीक्षा तलका तालिका तथा चित्रबाट हेर्न सकिन्छ :

**तालिका नं. १० : प्रतापपुर गाउँपालिको विगत दुई आ.व.को संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा**

| क्र.सं. | विषय क्षेत्र | कुल अंक | आ.व.०७६/०७७ प्राप्ताङ्क | आ.व.०७७/०७८ प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | ९ | ३.२५ | ४ |
| २ | संगठन तथा प्रशासन | ८ | २.७५ | ४ |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ३.५ | ५ |
| ४ | वित्तिय एव आर्थिक व्यवस्थापन | ११ | २.७५ | ३ |
| ५ | सेवा प्रवाह | १६ | ६.२५ | ७ |
| ६ | न्यायिक कार्यसम्पादन | ७ | ३.७५ | ४.७५ |
| ७ | भौतिक पूर्वाधार | १३ | १ | २ |
| ८ | सामाजिक समावेशीकरण | १० | ३ | १.५ |
| ९ | वातावरण तथा विपद व्यवस्थापन | ९ | ३ | २.५ |
| १० | सहकार्य तथा समन्वय | ६ | २ | ० |
| | कूल जम्मा | १०० | ३१.२५ | ३६.२५ |

स्रोतः https://lisa.mofaga.gov.np/report




प्रतापपुर गाउँपालिकाले विगत दुईवटा आर्थिक वर्षमा गरेको कार्यसम्पादनको स्वमूल्याङ्नको नतिजाको प्राप्ताङ्कलाई तुलनात्मक रुपमा विश्लेषण गर्न सकिन्छ । दसओटा विषय क्षेत्रको कूल १०० अङ्को पूर्णाङ्क आ.व.०७६/०७७ मा ३१.५ अङ्क प्राप्त गरेको देखिन्छ भने आ.व.०७७/०७८ मा सामान्य सुधार भई ३६.२५ अङ्क प्राप्त गरेको देखिन्छ । पछिल्लो वर्षको तुलनामा स्वमूल्याङ्नको नतिजामा सामान्य सुधार भएको देखिन्छ । पछिल्लो वर्षभन्दा गत आ.व.मा शासकीय प्रबन्ध,न्यायिक कार्यसम्पादन र योजना व्यवस्थापनमा सामान्य सुधार भएको पाइन्छ तर दुवै वर्षको विषयगत क्षेत्रहरुमा छुट्याइएको अङ्कभार र प्राप्त नतिजाको अङ्कलाई हेर्दा सन्तोष गर्ने अवस्था भने छैन । खासगरी विषय क्षेत्रहरु जस्तै वार्षिक बजेट तथा योजना व्यवस्थापन,भौतिक पूर्वाधार सामाजिक समावेशीकरण, वातावरण तथा विपद व्यवस्थापन,सहकार्य तथा समन्वय जस्ता क्षेत्रहरुमा गाउँपालिकाको कमजोर कार्यसम्पादनको अवस्था देखिन्छ । यसका साथसाथै संगठन तथा प्रशासन,सेवा प्रवाह जस्ता क्षेत्रहरु पनि समयानुकूल सुधार गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकामा कार्यरत कर्मचारीहरुले आफ्नो कार्यालय भवन र पर्याप्त स्थान नहुँदा पनि सेवाप्रवाह र विकास निर्माणको कार्य गर्दै आइरहेको पक्ष सकारात्मक छ । स्थानीय तहको योजना तर्जुमा प्रणाली, खर्चको आवश्यकता र राजस्वको क्षमतामा आधारित अनुदान प्रणालीको अभ्यास र समावेशी विकासको अवधारणा पछिल्लो समयको महत्वपूर्ण पक्षहरू हुन् । बढ्दो जिम्मेवारी पूरा गर्नका लागि कर्मचारीको कमी ,कर्मचारी जनप्रतिनिधिहरुको दक्षता

अभिवृद्धि गर्ने तालिम, अभिमुखीकरण र प्रोत्साहनको कमी र पालिकाले आफ्नो बढ्दो दायित्वलाई समय सापेक्ष ढङ्गले संयोजनकारी भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। गाउँपालिकालाई आवश्यक पर्ने कानुन (ऐन,नीति, नियम, कार्यविधिहरू आदि) बारेमा धेरैलाइ अभिमुखीकरण गर्न नसकेको, वडा सचिवहरू तथा प्राविधिक कर्मचारीहरूलाई समय सापेक्ष सीप र प्रविधिसँग साक्षात्कार गराउन सकेको देखिंदैन। जनप्रतिनिधि तथा कर्मचारीहरुका बिचमा सौहार्द सम्बन्ध तथा समन्वयको पनि अभाव रहेको देखिन्छ। समग्रमा पालिकाको विगत दुई आ.व.(२०७५/०७६-२०७६/०७७) मा संस्थागत स्वमूल्याङ्कन नतिजाहरुका आधारमा केही सूचकको समीक्षा तलको तालिका बाट पनि हेर्न सकिन्छ :

**तालिका नं.१२ प्रतापपुर गाउँपालिका संस्थागत स्वमूल्याङ्कनका विषयक्षेत्रका सूचहरुको लेखाजोखा**

| विषय क्षेत्र | कमजोर कार्यसम्पादन भएका सूचकहरु | औषत कार्यसम्पादन भएका सूचकहरु |
|---|---|---|
| शासकीय प्रबन्ध | • सभा र समिति उप समिति संञ्चालन सम्बन्धी कार्यविधि<br>• आन्तरिक नियन्त्रण प्रणाली<br>• सभाको सञ्चालन प्रक्रिया<br>• कार्यपालिकाको निर्णय प्रक्रिया तथा बैठकको नियमिता | • स्थानीय कानुनहरुको निर्माण<br>• कार्यपालिकाको निर्णय प्रक्रिया |
| संगठन तथा प्रशासन | • गाउँपालिकाको क्षमता विकास योजना तथा लगानी<br>• कर्मचारीहरु सँगको कार्यसम्पादन सम्झौता<br>• प्रतिवेदन तथा विवरण प्रेषण<br>• संस्थाको संगठनात्मक तथा व्यवस्थापनको सर्वेक्षण तथा नीति | • आवश्यक जनशक्तिको करार पदपूर्ति<br>• प्रमुख प्रशासकको कार्यालयमा उपस्थिति |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | • आवधिक योजनाको तर्जुमा<br>• विषयक्षेत्रगत रुपमा बजेट शिलिङ्ग<br>• गैरसरकारी संस्थाहरुको बजेट तथा कार्यक्रम गाउँसभाबाट पारित गर्ने<br>• आन्तरिक आय वृद्धिसँग सम्बन्धित कार्यक्रमहरु<br>• लागत साझेदारीका कार्यक्रमहरु<br>• वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा | • वार्षिक बजेट तथा कार्यक्रमहरुको छलफल तथा पारित<br>• दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण<br>• आन्तरिक आयको वृद्धि |
| वित्तिय एव आर्थिक व्यवस्थापन | • वित्तिय अनुशासन<br>• वार्षिक खरिद योजना निर्माण तथा कार्यान्वयन<br>• राजस्व सङ्कलनको अवस्था<br>• आयव्ययको सार्वजनिकरण<br>• वार्षिक खरिद योजना<br>• पुँजीगत खर्च<br>• प्रशासनिक खर्च<br>• वार्षिक बजेट कार्यान्वयनको प्रगति समीक्षा | • आन्तरिक स्रोत<br>• आयव्ययको लेखाङ्कन<br>• प्रशासनिक खर्चको आकार |
| सेवा प्रवाह | • सेवा प्रवाहको मापदण्द | • सामाजिक सुरक्षा भत्ता बैंकबाट |

| | | |
|---|---|---|
| | • गुनासो व्यवस्थापन<br>• सार्वजनिक सुनुवाई<br>• सेवा प्रवाहमा घुम्तीसेवा<br>• स्थानीय उत्पादनको प्रवर्द्धन<br>• कृषि तथा पशुसेवा | • वडाको सेवा कार्यालयको अवस्था<br>• बैंकिङ्ग प्रणालीबाट भुक्तानी<br>• शिक्षामा सबै बालबालिकाको पहुँच<br>• स्वास्थ्य सेवामा नागरिकको पहुँच |
| न्यायिक कार्यसम्पादन | • न्यायिक समितिको निर्णय उपर पुनरावेदन<br>• न्यायिक समितिको प्रतिवेदन प्रणाली<br>• मेलमिलाप केन्द्रको गठन | • न्यायिक समितिको निर्णय प्रक्रिया<br>• मेलमिलाप कर्ताको व्यवस्थापन<br>• उजुरी फछर्यौट तथा पुनरावेदन |
| भौतिक पूर्वाधार | • सडक यातायात गुरुयोजना अनुसार सडको निर्माण<br>• भू उपयोग योजना<br>• सार्बजनिक नीजि साझेदारी<br>• बालमैत्री अपाङ्ग पूर्वाधार<br>• आयोजनाहरुको वातावरण अध्ययन<br>• भवन संहिता र मापदण्ड<br>• फोहरमैला व्यवस्थापन<br>• औद्योगिक पूर्वाधार<br>• गाउँपालिकाको भवन<br>• खानेपानी सेवा विस्तार | • सडक विस्तार तथा स्तर उन्नति |
| सामाजिक समावेशीकरण | • सामाजिक सुरक्षा तथा संरक्षण<br>• सामाजिक विभेद न्युनीकरणका कार्यक्रमहरु<br>• जेसी बजेट परीक्षण<br>• बालश्रम,बालविवाह, बहुविवाह | • घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी<br>• समानुपातिक सहभागिता<br>• सामाजिक विभेद न्युनीकरणमा लगानी<br>• आर्थिक रुपबाट उपेक्षित समुदाय केन्द्रित कार्यक्रमहरु |
| वातावरण तथा विपद व्यवस्थापन | • वातावरण प्रदुषण नियन्त्रण<br>• विपद जोखिम परिचालन तथा योजना<br>• टोल विकास संस्थाहरुको गठन तथा परिचालन<br>• वातावरणमैत्री पूर्वाधार | • आकस्मिक सेवाको उपलब्धता (एम्बुलेन्स, दमकल, शववाहन)<br>• वातावरण संरक्षणमा बजेट विनियोजन<br>• विपद जोखिम क्षेत्रको पहिचान |
| सहकार्य तथा समन्वय | • अन्तर सरकार सँगको समन्वय तथा सहकार्यमा संञ्चालन भएका योजनाहरु | • प्रदेश सरकार सँगको समन्वय<br>• जिल्ला समन्वय समिति सँगको समन्वय |

### ३.४ प्रतापपुर गाउँपालिकाको संस्थागत तथा मानवीय क्षमतामा देखिएका सवल, दुर्वल, अवसर र चुनौतीहरु

यस प्रतापपुर गाउँपालिकाको विद्यमान अवस्था विश्लेषणका आधारहरु गाउँपालिकाको पाश्वचित्र, आवधिक योजना, सम्बन्धित पालिकाका मुख्य सरोकारवाला जनप्रतिनिधि, विषयगत शाखाका कर्मचारीहरुले दिएको सूचना जस्ता पक्षहरु रहेका छन् । उल्लेखित आधारहरुसँग सम्बन्धित रहेर पालिकाको सवल, दुर्वल, अवसर र चुनौतीहरुका बारेमा विश्लेषण गरिएको छ । त्यसैगरी पालिकाकामा उपलब्ध नीति कार्यक्रम र विगतका प्रगति प्रतिवेदनको आधारमा यस गाउँपालिकाको संस्थागत तथा मानवीय क्षमताको समिक्षा गर्ने गरिएकोछ । यस किसिमको विश्लेषणबाट सम्बन्धित गाउँपालिकाको क्षमता विकास योजना निर्माणका लागि तथ्यगत आधार प्राप्त भइ प्राथमिकताका क्षेत्रहरुको निर्धारण हुन जान्छ । स्थानीय

सरकारको क्षमता विकासको लेखाजोखा गर्दा विशेष गरी चारओटा मुख्य उपक्षेत्रहरुमा वर्गीकरण गरेर हेर्न सकिन्छ । जुन भौतिक स्रोत साधन, ऐन नियम विधि र प्रणाली, मानव संशाधन व्यवस्थापन र मानव संशाधन क्षमताको विकास पर्दछन् । समष्टिगत रुपम उल्लेखित चारवटा क्षेत्रमा प्राप्त सूचना र जानकारीको आधारमा संस्थागत तथा मानवीय क्षेत्रमा देखिएका सवल, दुर्वल तथा अवसरको पहिचान तल उप-शीर्षकहरुमा उल्लेख गरिएको छ ।

### ३.४.१ भौतिक स्रोत साधन

स्थानीय सरकारलाई प्राप्त अधिकार र जिम्मेवारी तथा सेवाग्राही नागरिकको अपेक्षा अनुसार जवाफदेही र जिम्मेवारपूर्ण सेवा प्रदान गर्नको लागि भौतिक स्रोत साधनको आवश्यकता पर्ने हुन्छ । स्थानीय सरकारको भूमिकालाई कम लागतमा प्रभावकारी रूपले कार्यसम्पादन गर्न आवश्यक पर्ने कार्यस्थान, भवन तथा सामाग्री, यन्त्र, उपकरण, औजार, सूचना तथा सञ्चार प्रविधिको व्यवस्था र सोको मर्मत सम्भारको आवश्यकतालाई बुझ्न सकिन्छ । यस प्रतापपुर गाउँपालिकामा स्थलगत सर्वेक्षणका क्रममा गरिएको दस्जावेजहरुको अध्ययन, अवलोकन तथा सरोकारवाला पक्षहरु सँगको छलफलबाट तपसिल अनुसार अवस्था प्राप्त भएको देखिन्छ :

| सवल पक्षहरु | दुर्वलता र चुनौतीहरु | अवसर र सम्भावनाहरु |
|---|---|---|
| • पालिकाका ९ ओटै वडाको केन्द्रबाट सेवा वितरण हुनु<br>• पालिकाका ९ ओटै वडाबाट स्वास्थ्य सेवा वितरण<br>• पदाधिकारी तथा कर्मचारीको यातायात सुविधाको लागि दुई ओटा मोटर<br>• पालिकाबाट एम्बुलेन्स सेवा सुचारु<br>• यातायात सेवाको सहज पहुँच | • हालसम्म पनि गाउँपालिकाको कार्यालय भाडाको भवनबाट संञ्चालित हुनु<br>• आवश्यकता अनुसार कार्यसम्पादनको लागि शाखा उपशाखाहरुको कार्यस्थल अभावले गर्दा सेवा वितरणमा समस्या देखिनु<br>• सबै वडा कार्यालयमा प्रयाप्त भौतिक सुविधाको अभाव<br>• शाखा तथा वडा कार्यालयहरुमा भौतिक सामाग्री फर्निचर, कम्प्युटर, इन्टरनेट प्रयाप्पता<br>• सूचना सञ्चार तथा अभिलेखीकरण कमजोर व्यवस्थापन<br>• कार्यालयका सामाग्री तथा उपकरणहरुको आवश्यकता अनुसार मर्मत सम्भारको अभाव<br>• गाउँपालिकाले जारी गरेको पूर्वाधार नीतिको प्रभावकारी कार्यान्वयनको अभाव<br>• भवन संहिता पूर्णरुपमा पालना नभएको | • गाउँपालिकाले आफ्नो कार्यालय निर्माणका लागि जग्गा तथा भवन निर्माण गर्ने कार्यलाई प्राथमीकतामा राख्नु<br>• पालिकाको केन्द्र र वडा कार्यालयको भौतिक अवस्थामा स्तर उन्नति गर्न सकिने<br>• सेवाग्राहीलाई सेवा सुविधाको सहजता तथा पहुँच अभिवृद्धि गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्न सकिने सूचना प्रविधिमैत्री बनाउन सकिने ।<br>• सेवाग्राहीका लागि केन्द्र तथा वडाहरुमा सूचना पाटी, गुनासो व्यवस्थापन, खानेपानी, पार्किङ्ग स्थल, विश्राम स्थल व्यवस्थापनका लागि बजेट विनियोजन गरी काम गर्न सकिने<br>• कार्यालयका सामाग्री तथा उपकरणहरुको आवश्यकता अनुसार मर्मत सम्भारको कोष स्थापना गर्न सकिने<br>• आकस्मिक सेवा प्रवाहलाई विस्तार तथा व्यवस्थित गर्न सकिने<br>• गाउँपालिकाको पूर्वाधार विकास नीतिको व्यबहारिक कार्यान्वयन<br>• उच्च शिक्षाका लागि गाउँपालिकामा नै क्याम्पसको व्यवस्था भएको । |

### ३.४.२ ऐन नियम विधि र प्रणाली

सुशासन प्रवर्द्धनका लागि ऐन नियम विधि र प्रणालीको आवश्यकता पर्दछ । गाउँपालिकाको काम कर्तव्य, अधिकार र जिम्मेवारीलाई व्यवस्थित रूपले योजना, सञ्चालन तथा नियन्त्रण गर्न र सबैमा एकै किसिमको बुझाइ र व्यवहार हुन आवश्यक छ । यसका लागि आवश्यक नीति, ऐन, नियम, कार्यविधि, आचारसंहिता आदिको तर्जुमा गरी कार्यान्वयनमा ल्याउन जरूरी हुन्छ । त्यसैगरी, गाउँपालिकाले सम्पादन गरिने कार्यलाई व्यवस्थित गर्नका लागि कार्य प्रणाली निर्धारण गर्न आवश्यक हुन्छ । कार्यप्रणाली अन्तर्गत कार्य सम्पादन प्रणाली, कार्य वातावरण, सञ्चार, समन्वय जस्ता पक्ष हुन सक्दछन् । प्रतापपुर गाउँपालिकाको ऐन नियम विधि र प्रणाली लेखाजोखा बुँदागत रुपमा तल उल्लेख गरिएको छ ।

| सवल पक्षहरु | दुर्वलता र चुनौतीहरु | अवसर र सम्भावनाहरु |
|---|---|---|
| • प्रतापपुर गाउँपालिकाले आफ्नो एकल तथा साझा अधिकार क्षेत्रभित्र रही हालसम्म ३१ ओटा कानुन ( ऐन, नियमावली, कार्यविधि, निर्देशिका) निर्माण गरेको<br>• पालिकाको आधारभूत तथ्याङ्क समेटिएको पाश्वचित्र, पाँचवर्षे आवधिक योजना निर्माण भएको<br>• पाँचवर्षे शिक्षा योजना निर्माणको क्रममा रहेको ।<br>• गाउँपालिकाको यातायात गुरुयोजना निर्माण क्रममा रहेको<br>• सुशासन ऐन तथा कार्यविधि निर्माण गरिएको<br>• न्यायिक समितिले बस्ती तहका द्वन्द व्यवस्थापनमा भूमिका | • निर्माण भएका कानुनहरुको पालनाको अभाव<br>• ऐन कानुनको बारेमा जनप्रतिनिधि तथा कर्मचारीहरुको बुझाइमा एकरुपता नहुनु<br>• कतिपय एकल अधिकारका क्षेत्रमा कानुनहरुको निर्माण हुन नसक्नु<br>• कानुनी दस्तावेज निर्माणका लागि आवश्यक जनशक्तिको अभाव रहनु ।<br>• साझा अधिकारका क्षेत्रमा प्रदेश सरकारले समयमा नै कानुन निर्माण नगर्नु<br>• निर्माण भएका कानुनहरुको आवश्यक अभिलेखीकरण नहुनु<br>• आवधिक योजनाका लक्ष्य र गन्तव्यहरुलाई कम अनुशरण गरेको । | • गाउँपालिकाले आफ्ना एकल अधिकारका क्षेत्रमा कानुन निर्माण गरी कार्यान्वयन गर्न सक्ने<br>• स्थानीय वस्तुस्थिति, आवश्यकता र कार्यसम्पादनका आधारमा कानुनको निर्माण तथा आफ्नो अधिकार क्षेत्रभित्र लागु गर्न सक्ने<br>• सुशासनको पालना गर्न सक्ने<br>• दण्ड र पुरस्कारको प्रावधान<br>• आवधिक योजनाका लक्ष्य र परिकल्पना अनुसार विकास गन्तव्य तय गर्न सकिने ।<br>• न्यायिक समितिको क्षमता विकास<br>• गाउँपालिकाले कानुनी शाखाको स्थापना गरि अभिलेखीकरणमा सुधार गर्न सक्ने |

### ३.४.३ मानव संशाधन व्यवस्थापन

स्थानीय सरकारको क्षमता विकासका लागि आवश्यक सङ्ख्यामा रही क्षमता भएका मानव संशाधन समय मै प्राप्त अनिवार्यता हुन्छ । स्थानीय सरकारको मानव संशाधनमा निर्वाचित पदाधिकारी एवम् निर्दिष्ट भूमिका पूरा गर्न आवश्यक ज्ञान, सीप र धारणा भएका वा हासिल गर्न सक्ने क्षमता भएका कर्मचारीलाई जनाउँदछ । यस अन्तर्गत आवश्यक मानव संशाधन प्राप्तिका लागि गरिने कार्यहरू (संगठन तथा व्यवस्थापन सर्वेक्षण, दरबन्दी निर्धारण, नियुक्ति प्रक्रिया, सरूवा/बढुवा व्यवस्था, जिम्मेवारी निर्धारण, पारिश्रमिक आदि) लाई बुझ्न सकिन्छ । प्रतापपुर गाउँपालिकाको विद्यमान मानव संशाधन व्यवस्थापनको अवस्थाको अवसर र चुनौतीलाई बुँदागत रुपमा लेखाजोखा गरिएको छ :

| सवल पक्षहरु | दुर्वलता र चुनौतीहरु | अवसर र सम्भावनाहरु |
|---|---|---|
| • प्रतापपुर गाउँपालिकाले स्थानीय तहमा करार जनशक्ति व्यवस्थापन सम्बन्धि कार्यविधि निर्माण गरी लागु गरेको<br>• संविधान तथा संघीय ऐनले स्थानीय सरकारलाई प्रदान गरेको अधिकार र जिम्मेवारी अनुसार मानवीय संसाधनको व्यवस्थापन गर्न सकिने<br>• गाउँपालिकाले अवलम्बन गरेको सुशासन तथा संस्थागत विकास नीति<br>• प्रत्येक वडामा विपद व्यवस्थापन समिति गठन<br>• गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७८ | • संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सुझाव कार्यान्वयन नभएको<br>• कर्मचारी व्यवस्थापन नियमावलीको अभाव<br>• दरबन्दी अनुसारका प्राविधिक एव प्रशासनिक जनशक्तिको अभाव<br>• समायोजन भइ आएका कर्मचारीहरुको स्पष्ट जिम्मेवारी अभाव<br>• स्थानीय सेवाबाट आएका कर्मचारीहरुको कार्य उत्प्रेरणा र मनोवल अभिवृद्धि गर्ने योजना( पुरस्कार, दण्ड, ग्रेड वृद्धि, पदोन्नति, सरुवा)को अभाव<br>• कर्मचारीहरुको व्यवसायिक योजनाको अभाव<br>• कर्मचारी संगठनको कार्यसम्पादनको सुपरिवेक्षण अनुगमनको स्पष्ट योजनाको अभाव<br>• प्रशासनिक प्रमुखहरुको छोटो समयमै सरुवा हुनु ।<br>• जनप्रतिनिधि र कर्मचारीका बिचमा समन्वयको अभाव | • संगठन तथा व्यवस्थापन सर्वेक्षण समय अनुकूल गर्न सकिने<br>• कर्मचारी व्यवस्थापन नियमावली बनाउन सकिने<br>• कर्मचारीको स्पष्ट व्यवसायिक कार्ययोजना तथा उत्प्रेणा संग सम्बन्धित प्रावधानको व्यवस्था गर्न सकिने<br>• कार्मचारीहरुको कार्यसम्पादनको सुपरिवेक्षण कार्यविधि बनाई लागु गर्न सकिने<br>• जनप्रतिनिधि र कर्मचारीहरुका वीचमा अन्तक्रिया, छलफल तथा अभिमुखीकरण बाट सहकार्य र समन्वयलाई थप प्रभावकारी बनाउँदै लैजाने ।<br>• गाउँपालिकाका शाखा तथा इकाईका बिचमा सञ्चार तथा समन्वयको अभाव<br>• टोल विकास संस्थाहरुको गठन तथा परिचालन |

### ३.४.४ मानव संसाधन क्षमता विकास

मानव संसाधन र क्षमता विकासले स्थानीय सरकारको भूमिकालाई प्रभावकारी रूपमा सम्पादन गर्न विद्यमान मानव संसाधनको ज्ञान, सीप र धारणा (Knowledge, Skill & Attitude) मा गुणात्मक वृद्धि गर्दछ । यस अन्तर्गत स्थानीय सरकारका भूमिका पूरा गर्न जिम्मेवारीमा रहेका जनशक्तिहरू (निर्वाचत पदाधिकारीहरू, कर्मचारीहरू, स्थानीय सरकारसँग प्रत्यक्ष संलग्न भई कार्य गर्ने उपभोक्ता समितिका पदाधिकारीहरू, स्वयम्सेवीहरू आदि) को क्षमता विकास पर्दछ । मानव संसाधन क्षमता विकास अन्तर्गत तालिम, अभिमुखीकरण, अनुशिक्षण (Coaching), अध्ययन अवलोकन, अनुभव र सिकाइ आदान–प्रदान जस्ता प्रक्रियालाई क्षमता विकास भनेर बुझ्न सकिन्छ । प्रतापपुर गाउँपालिकाको विद्यमान संसाधन क्षमता विकास सम्बन्धी विद्यमान अवस्थाको अवलोकन तथा अध्ययनबाट गरिएको लेखाजोखा बुँदागत रुपमा उल्लेख गरिएको छ ।

| सवल पक्षहरु | दुर्वलता र चुनौतीहरु | अवसर र सम्भावनाहरु |
|---|---|---|
| • संविधान तथा संघीय ऐनले स्थानीय | • गाउँपालिका सम्वन्धी ऐन, नियम, कानून, कार्यविधिका बारेमा | • कार्यपालिका सदस्यको संयोजकत्वमा गठित समिति उप समितिको |

| सवल पक्षहरु | दुर्वलता र चुनौतीहरु | अवसर र सम्भावनाहरु |
|---|---|---|
| सरकारलाई प्रदान गरेको अधिकार र जिम्मेवारी अनुसार मानवीय संसाधनको व्यवस्थापन गर्न सकिने<br>• गाउँपालिकाले अवलम्बन गरेको सुशासन तथा संस्थागत विकास नीति<br>• प्रदेश सरकार, प्रदेश प्रशिक्षण प्रतिष्ठान तथा अन्य सहयोगी निकायहरुको सहकार्यमा पालिकाको मानवीय जनशक्तिको क्षमता विकास गर्न सकिने<br>• कर्मचारी कल्याण तथा अवकाश कोषको स्थापना | जनप्रतिनिधि तथा कर्मचारीहरुको अभिमुखीकरणको अभाव<br>• स्थानीय सरकार संञ्चालन ऐन २०७४, दिर्गदशन, गाउँसभा अनुसार गठन भएका समिति उप समितिहरुको कार्यस्थल, सचिवालय, अभिमुखीकरण तथा अनुशिक्षणको अभाव<br>• पालिका भित्रका शाखा तथा समितिहरुका बिचमा आन्तरिक सञ्चार र समन्वयको अभाव<br>• विषयगत शाखा वा इकाईमा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप र दक्षता अभिवृद्धि सम्बन्धी तालिमको अभाव<br>• वार्षिक योजना र बजेटमा जनशक्ति क्षमता विकास गर्ने कार्यक्रमहरुको अभाव<br>• कार्यसम्पादन मूल्याङ्कन विनियमावलीको अभाव<br>• पुरस्कार र दण्ड प्रणालीको अभाव | सचिवालय व्यवस्थापन, अभिमुखीकरण, अनुशिक्षण जस्ता कार्यहरु कार्यान्वयन गर्ने<br>• पालिका भित्रका शाखा तथा समितिहरुका बिचमा आन्तरिक संञ्चार र समन्वय अभिवृद्धि गर्ने संयन्त्रको व्यवस्था गर्न सकिने<br>• विषयगत शाखा वा इकाईमा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप र दक्षता अभिवृद्धि गरी सेवा प्रवाहलाई प्रभाकारी बनाउनका लागि तालिम, अनुशिक्षण, अध्ययन, अवलोकन सम्बन्धी कार्यक्रमको व्यवस्था गर्न सकिने<br>• गाउँपालिकाको सुशासन ऐन तथा कार्यविधि पालना<br>• जननिवार्चित प्रतिनिधिहरुको कार्य अधिकार र जिम्मेवारी सम्बन्धी अभिमुखीकरण तथा उत्प्रेणामुलक कार्यक्रमहरु व्यवहारमा लागु गर्न सकिने |

### ३.५ क्षमता विकासको आवश्यकता

संविधान तथा ऐनले स्थानीय सरकारलाई प्रदान गरेको भूमिका अनुरुप जवाफदेही तथा दिगो ढङ्गले कार्यसम्पादन गर्नका लागि स्थानीय तहको संस्थागत तथा मानव संसाधन क्षमतामा सुधार ल्याउन आवश्यक छ । यस सन्दर्भमा स्थानीय तहको छाता ऐन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११४ बमोजिम संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयले स्थानीय तहको क्षमता विकाय योजनाको मार्गदर्शनको लागि "क्षमता विकास योजना तर्जुमा दिग्दर्शन २०७६" जारी गरेको छ । उक्त दिग्दर्शन अनुसार प्रतापपुर गाउँपालिकाको संस्थागत तथा मानवीय संसाधनको विद्यमान अवस्थाको लेखाजोखा गर्दा सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्नका लागि पालिकाको कार्यसम्पादन थप प्रभावकारी बनाउन आवश्यक देखिन्छ ।

स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आमनागरिकका अपेक्षा र चाहना अनुरूपका हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्थाप्रति पनि नागरिकहरूमा नैराश्यता बढ्छ । यसर्थ, सबै स्थानीय सरकारले मानव संसाधन, विधि र कार्यप्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा अभिवृद्धि गरी नागरिकप्रति पूर्ण रूपमा उत्तरदायी स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक छ । संघीयता हाम्रा लागि नौलो अभ्यास भएको र यसको सफल कार्यान्वयनमा स्थानीय तहको योजना तर्जुमाको महत्वपूर्ण भूमिका हुने भएकाले स्थानीय सरकारको क्षमता अभिवृद्धि गरिनु आवश्यक छ । गाउँपालिकाको कार्यसम्पादनको अवस्था, संस्थागत स्वमूल्याङ्कनका सूचकहरुको पालना जस्ता पक्षलाई मध्यनजर गर्दा गाउँपालिकाबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरूलाई दिगो र परिणाममुखी बनाउनु पर्ने कानुनी र

नैतिक दायित्व रहेको छ । त्यसैगरी स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कुशल रूपमा सम्पादन गर्न विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरू र कर्मचारीहरूको क्षमता विकास गर्न आवश्यक रहेको छ । गाउँपालिकाले आपूर्तिका साथै मागमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरी आवश्यकता बोध गरेका क्षेत्रमा ज्ञान, सीप र धारणा विकास तथा जनउत्तरदायी शासन प्रणाली स्थापित गर्न आवश्यक रहेको देखिन्छ ।

### ३.६ क्षमता विकास प्राथमिकताका आधारहरु

प्रतापपुर गाउँपालिकाको संस्थागत क्षमता (*भौतिक स्रोत साधन, ऐन नियम विधि र प्रणाली, मानव संसाधन व्यवस्थापन र मानव संसाधन क्षमताको विकास*) लेखाजोखा तथा विश्लेषण बाट विद्यमान अवस्थाको पहिचान गरिएको छ । माथि उल्लेखित समग्र अवस्थाको लेखाजोखाबाट क्षमता विकासका लागि प्राथमिकताका आधारहरु आँकलन गर्न सकिन्छ। नेपाल सरकारकारको राज्य पुर्नसंरचना सँगै स्थानीय तहको अधिकार जिम्मेवारी र कार्यसम्पादनको हैसियतमा पनि वृद्धि भएको छ । भर्खरै पहिलो कार्यकाल पूरा हुन लागेको स्थानीय सरकारका अ-आफ्नै विशिष्ट अवसर र चुनौतीहरु पनि रहेका छन् । स्थानीय सरकारले आफू सँग उपलब्ध स्रोतसाधनबाट जिम्मेवारीहरु सम्पादन गर्ने प्रयास पनि गरेका छन् । यसर्थमा प्रतापपुर गाउँपालिकाको वर्तमान अवस्थाको बारेमा मुख्य सरोकारवाला सँग गरिएको संस्थागत क्षमताको छलफल तथा समीक्षाबाट विषयगतरुपमा प्राथमिकताहरुका क्षेत्र तथा क्रियाकलापहरु उल्लेख गरिएको छ ।

#### क) विकास व्यवस्थापन तथा शासकीय प्रबन्ध

- प्रभावकारी सेवा प्रवाहका लागि कार्यविधि चाहिने, अभिमुखीकरण गरी ज्ञान, सीपको आवश्यकता
- संस्थागत दिगोपनका लागि अनुगमन र सुपरिवेक्षण गर्ने प्रणालीको विकास
- गाउँपालिकाको आवधिक योजना, गुरुयोजना, क्षमता विकास योजना निर्माण तथा कार्यान्वयन
- गाउँपालिकाको तथा वडाहरुको भौतिक पूर्वाधार र विकास
- समावेशी विकास नीति
- गाउँ वस्तुस्थिति विवरणको म्प्नष्तबष्बितष्यल अद्यावधिक
- गाउँपालिकाको एकल अधिकार सँग सम्बन्धित ऐन, कानुन, नियमको निर्माण तथा जनप्रतिनिधिहरुलाई अभिमुखीकरण
- जनप्रतिनिधि तथा शाखा प्रमुख कर्मचारीहरुलाई वार्षिक योजना तथा बजेट तर्जुमा, योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी विषयमा गहन तालिम

#### ख) संगठन तथा संरचना व्यवस्थापन

- कार्य विभाजन नियमावलीको तर्जुमा र कार्यान्वयन
- समिति उप समितिको कार्यस्थल व्यवस्थापन अभिमुखीकरण, अनुशिक्षण तथा अनुभव आदान प्रदान
- कार्यविवरण पुनरावलोकन, अनुगमन/मूल्याङ्कन प्रणाली
- गाउँपालिका भित्रका शाखा तथा समितिहरुका बिचमा आन्तरिक सञ्चार र समन्वय अभिवृद्धि गर्ने संयन्त्रको व्यवस्था
- संगठन तथा व्यवस्थापन सर्वेक्षण, शाखा इकाई आवश्यक दरबन्दी व्यवस्थापन

- कर्मचारी व्यवस्थापन नियमावली तथा स्पष्ट व्यवसायिक कार्ययोजना तथा उत्प्रेणा सँग सम्बन्धित प्रावधानको व्यवस्था
- विषयगत शाखा वा इकाईमा कार्यरत कर्मचारीहरुको ज्ञान, सीप र दक्षता अभिवृद्धिका लागि तालिम, अनुशिक्षण, अध्ययन, अवलोकन सम्बन्धी व्यवस्था
- कर्मचारी तथा जनप्रतिनिधिहरुको आचार संहिता
- योजना अनुगमन संयन्त्रको प्रभावकारिता
- अन्तर-शाखा र निकाय बिच सूचना आदान-प्रदान/सञ्चार/समन्वय
- कार्यस्थलमा आवश्यक उपकरण तथा प्रविधिको व्यवस्थापन
- प्रविधिमैत्री सेवा वितरण र नतिजामुखी सेवा प्रवाह तथा कार्यसम्पादन सँग आवद्धता कर्मचारीहरूमा उत्प्रेरणा, अनुगमन

## ग) वित्तिय व्यवस्थापन

- बजेटिङ्ग तथा खर्च व्यवस्थापन सम्बन्धी अभिमुखीकरण, अभ्यास/अनुगमन/पृष्ठपोषण
- खरिद योजना तथा खरिद प्रक्रियाको अनुगमन
- आन्तरिक नियन्त्रण, अनुगमन तथा लेखापरीक्षण
- सम्पत्ति/जिन्सी व्यवस्थापन
- वार्षिक बजेट आम्दानी तथा खर्च प्रणाली
- राजस्व सुधार कार्ययोजनाको निर्माण तथा अद्यावधिक
- वित्तिय प्रतिवेदन तथा अभिलेखीकरण
- स्थानीय स्रोतको पहिचान र परिचालन

## घ) सूचना व्यवस्थापन

- विद्युतीय साशन प्रणालीको विस्तार, वेभसाइट तथा सूचना संयन्त्रहरुको अद्यावधिक
- भू-सूचना प्रणालीका लागि आवश्यक व्यवस्थापन
- गाउँपालिकाको पाश्वचित्रको वार्षिक अद्यावधिक
- नवीनतम अवधारणा तथा सूचना प्रविधिहरूको उपयोगलाई प्रोत्साहन,
- अन्तर-शाखा र निकाय बिच सूचना आदान-प्रदान/सञ्चार/समन्वय
- सूचना इकाई स्थापना तथा व्यवस्थापन
- गाउँपालिका सम्पादित कार्यको अभिलेखीकरण, सार्वजनिकीकरण तथा प्रकाशन
- व्यवस्थित अभिलेख व्यवस्थापन र उचित तरिकाले दर्ता र भण्डारण गर्नुपर्ने, कार्य-विवरण अझ स्पष्ट
- पञ्जिकरण व्यवस्थापनका लागि हरेक वडामा कम्प्युटर सफ्टवेयरको उपयोग

- पालिकाको केन्द्र तथा वडाहरुमा डिजिटल वडापत्रको व्यबस्था

**ङ) सुशासन**

- पालिकाको अनुगमन संयन्त्रको प्रभावकारिता तथा नागरिकको संलग्नता
- गाउँपालिकाले निर्माण गरेका ऐन कानुनहरुको अभिलेखीकरण तथा आमनागरिकको सहज पहुँच
- गुनासो तथा  सूचना अधिकारीको प्रभावकारी कार्यसम्पादन
- लैङ्गिक तथा सामजिक समावेशीकरण नीति
- गाउँपालिकाको सुशासन तथा जवाफदेहिता सम्बन्धी कार्यविधि निर्माण तथा पालना
- पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धि गर्ने सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, नागरिक वडापत्र, गुनासो व्यवस्थापन, सूचनापाटी आदि संयन्त्रहरुको उपयोग
- समुदाय स्तरका योजना तथा कार्यक्रमहरुमा जनसहभागिता प्रोत्साहन तथा कार्यक्रमहरु
- संस्थागत दिगोपनका लागि सामूहिक अनुगमन र सुपरिवेक्षण गर्ने प्रणालीको विकास

**च) समन्वय र सहकार्य**

- सामुदायिक संस्थाहरूलाई व्यवस्थापकीय क्षमता विकास, नेतृत्व विकास
- निजी क्षेत्रसँग सहकार्य/साझेदारी बढाउने नीति
- क्षमता विकास योजना निर्माण र कार्यान्वयनमा प्रदेश सुशासन केन्द्र, ऐीन्सए, प्रदेश र संघीय सरकार सँग समन्वय तथा सहकार्य
- विषयगत शाखाहरू तथा विभिन्न कार्यक्रम/परियोजनाहरू बिच नियमित बठैक, आवधिक समीक्षा गोष्ठि, नियमित प्रतिवेदन एवम् पृष्ठपोषण प्रणाली
- संघीय मन्त्रालयद्वारा सञ्चालित कार्यक्रम, आयोग, विभाग तथा अन्य विशिष्ट प्रकृतिका क्षमता विकासका क्षेत्रमा क्रियाशील निकायबाट सञ्चालन गरिने कार्यक्रमहरूमा सहभागिता ।

# परिच्छेद-चार : गाउँपालिका क्षमता विकास योजनाका क्षेत्रहरु

## ४.१ संस्थागत क्षमता विकास योजना

नेपालको संविधान, २०७२ ले स्थानीय सरकारलाई व्यवस्थापकीय, कार्यपालिका तथा न्यायसम्पादनको अधिकार प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ संविधानको मर्म अनुरुप एकल अधिकार र साझा अधिकारहरुको व्यवस्था गर्नुका साथै खर्चको जिम्मेवारी र राजस्वको स्रोतहरु समेत प्रदान गरेको छ। स्थानीय स्तरको समावेशी विकास र शासन प्रक्रियामा समुदाय र नागरिकको सहभागिता सुनिश्चित गर्दै स्थानीय तहमा प्रतिवद्ध, सक्षम एवम् नेतृत्व विकासको वातावरण र जनताले प्राप्त गर्ने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाउनका लागि संस्थागत क्षमताको आवश्यकता पर्दछ। स्थानीय सरकारको साशन प्रणालीलाई सुदृढीकरण गर्न संविधान प्रदत्त अधिकारलाई कार्यान्वयन गर्न र सोको संस्थागत विकास गरी सेवाहरुलाई नियमित, गुणस्तरीय, प्रभावकारी र भरपर्दो बनाउन संस्थागत विकास अपरिहार्य विषय हो । यस सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तकहरुको कार्यसम्पादनको मूल्याङ्कन संयन्त्रको थालनी गरेको छ। यस औजारले स्थानीय तहको कार्य प्रक्रिया र उपलबधीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्वल पक्षहरुको पहिचान गर्न, विकास र सुशासनमा रहेका कमीकमजोरीहरुको जानकारी लिन, आवधिक समीक्षाको आधार प्राप्त गर्न र स्थानीय तहलाई सक्षम प्रभावकारी बनाउन सहयोग गर्छ। स्थानीय तहको स्वमूल्याङ्कनको समीक्षाको आधारमा रहेका स्थानीय सरकारले क्षमता विकास योजनाको निर्माण गरी लागु गर्नुपर्ने प्रावधानलाई सहयोग गर्नका लागि "क्षमता विकास योजना सम्बन्धी दिग्दर्शनले" आधार प्रदान गरेको छ।

स्थानीय सरकारको संस्थागत क्षमता अन्तर्गत पालिकाको भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि संस्था तथा संस्थाको प्रत्यक्ष पहुँच भित्र रहेको दक्षता, सीप, बुझाई, धारणा, मूल्य, सम्बन्ध, व्यवहार, स्रोत र साधनको समग्र अवस्थालाई बुझाउँदछ । क्षमता विकासले भूमिका तथा जिम्मेवारी पूरा गर्नका लागि व्यक्ति, संगठन तथा समाजमा रहेको त्यस्तो ज्ञान, सीप र धारणा जस्ता पक्षहरु पर्दछन् । क्षमता विकास लामो समयसम्म निरन्तर चलिरहने एउटा प्रक्रिया हो, जसको माध्यमले व्यक्ति, संगठन र समाजले आइपर्ने समस्याहरु समाधान गर्न, सम्भावनाहरुको उपयोग गर्न तथा समय सापेक्ष विकासका निर्धारित उद्देश्यहरू प्राप्त गर्न आवश्यक ज्ञान, सीप र धारणा प्राप्त गर्दछ । यसर्थ, स्थानीय तहको क्षमता विकास शब्दले व्यक्तिको ज्ञान, सिप र धारणामा सकारात्मक प्रभाव ल्याउनुका साथै समग्र संस्था र प्रणालीको कार्य दक्षता र प्रभावकारिता वृद्धि भन्ने बुझाउँदछ। यस हिसावले स्थानीय सरकारको क्षमता विकासलाई बृहत्तर रूपमा चार भागमा बाँडेर हेर्ने गरिन्छ । जुन स्थानीय तहको पहिलोः भौतिक स्रोत साधन दोस्रोः ऐन, नियम, विधि र प्रणाली, तेस्रोः जनशक्ति व्यवस्था र चौथोः ज्ञान, सीप, दक्षता जस्ता पक्षहरु पर्दछन् ।

## ४.२ प्रतापपुर गाउँपालिकाको संस्थागत क्षमता विकास कार्ययोजना

| क.सं. | प्रस्तावित क्रियाकलापहरु | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट हजारमा(000) | | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | आन्तरिक (बा.वजेट) | वाहिय |
| १ | **भौतिक स्रोत साधन तथा विकास व्यवस्थापन सँग सम्बन्धित** | | | | | | | | | | | | |
| १.१ | गाउँपालिकाको समग्र तथ्याङ्को वार्षिक अद्यावधिक गर्ने | पटक | ३ | सुचना शाखा | | | | १५० | ५० | ५० | ५० | १५० | ० |
| १.२ | प्रत्येक शाखाहरूमा कम्प्युटरको नेटवर्क र कम्प्युटर सम्बन्धी आधारभूत तालिम -MS Word, MS Excel, MS Power point,Email/Internet_ | संख्या | २ | प्र.प्र.अ र सबै शाखा प्रमुख/ वडा कार्यालय | | | | १०० | ५० | ५० | ० | १०० | ० |
| १.३ | विद्युतीय हाजिरी पद्धतिको अनिवार्य कार्यान्वयन | नियमित | | प्र.प्र.अ.प्रशासन शाखा | | | | ३०० | ३०० | ० | ० | ३०० | ० |
| १.४ | गाउँ कार्यपालिका बैठकका निर्णयहरू गाउँपालिकाको सूचना पाटीमा टाँस गर्ने र Website मा अपलोड गर्ने | नियमित कार्य | | प्रशासन/सूचना शाखा तथा सचिवलयहरु | | | | ० | ० | ० | ० | ० | ० |
| १.५ | प्रशासन, योजना, जिन्सी, प्राविधिक, पञ्जिकरण, राजस्व आदि शाखाहरूमा कम्प्युटर सफ्टवेयरको स्थापना गरी तथा शाखाहरू बिच नेटवर्किङ्ग गर्ने | पटक | २ | प्रशासन तथा योजना शाखा | | | | ३०० | ३०० | ० | ० | ३०० | ० |
| १.६ | गाउँपालिकाको नाममा तथा हक भोगमा रहेका चल अचल सम्पत्तिहरूको विवरण तयार गरी सोबाट थप आयस्रोत प्राप्त हुन सक्ने सम्भावनाहरूको अध्ययन | पटक | १ | प्रशासन तथा योजना शाखा | | | | २०० | ० | २०० | ० | २०० | ० |
| १.७ | प्रशासनिक खर्च निर्धारित सिमा भित्र ल्याउन खर्चहरूको सुक्ष्म अध्ययन तथा अन्तरक्रिया | पटक | १ | प्र.प्र.अ. | | | | १५० | ५० | ५० | ५० | १५० | ० |
| १.८ | गाउँपालिकाको कार्यालय तथा वडाहरुमा डिजिटल वडापत्र तथा | संख्या | ७ | योजना शाख/सुचना | | | | ८०० | ४०० | ४०० | ० | ४०० | ४०० |

| क.सं. | प्रस्तावित क्रियाकलापहरु | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट हजारमा(०००) | | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | आन्तरिक (बा.वजेट) | वाहिय |
| | सुचना पाटीको व्यवस्थापन | | | शाखा तथा लेखा | | | | | | | | | |
| १.९ | सम्पत्ति कर तथा आयकरको एकिकृत सफ्टवेयर खरिद तथा सो सम्वन्धि तालिमको व्यवस्था गर्ने । | पटक | १ | आर्थिक प्रशासन शाखा/राजस्व शाखा | | | | ३०० | ३०० | ० | ० | १५० | १५० |
| १.१० | मासिक/चौमासिक/वार्षिक कार्य प्रगति र प्रतिवेदन, समीक्षा | पटक | | प्र.प्र.अ./ प्रशासन शाखा | | | | ३०० | १०० | १०० | १०० | ३०० | ० |
| १.११ | विद्यालयका प्र.अ. तथा शिक्षा शाखा बिच भएको कार्यसम्पादन सम्झौताको उपलव्धी मापन कार्यशाला गर्ने(चौमासिक) | पटक | ३ | शिक्षा शाखा | | | | ३०० | १०० | १०० | १०० | ३०० | ० |
| १.१२ | पालिकाका गतिविधिहरुको जानकारी मुलक रेडियो कार्यक्रम | साप्ताहिक | | सूचना शाखा | | | | ४५० | १५० | १५० | १५० | ४५० | ० |
| १.१३ | प्राविधिक ल्याव स्थापना खर्च (कृषि, पशु स्वास्थ्य) | पटक | ३ | पूर्वाधार शाखा | | | | ७०० | ३०० | २०० | २०० | ३०० | ४०० |
| १.१४ | टोल सुधार समिति गठन | पालिका स्तर | ९ वटै वडामा | सामाजिक शाखा | | | | ५०० | १५० | २५० | १०० | ५०० | ० |
| १.१५ | गैससहरुको योजना र कार्यक्रमहरुलाई गाउँपालिकाको वार्षिक योजना सँग तादम्यता मिलाउने | वार्षिक | | प्रशासन शाखा | | | | ६० | २० | २० | २० | ६० | ० |
| १.१६ | विषयगत तथा कार्यपालिकाले गठन गर्ने समितिहरुको सचिवालय स्थापना | वार्षिक | ११ | प्रशासन शाखा | | | | ६०० | ६०० | ० | ० | ३०० | ३०० |
| १.१७ | सूचना तथा साहायता कक्ष सञ्चालन | नियमित | १ | सूचना शाखा | | | | ४०० | ० | २५० | १५० | ४०० | ० |
| १.१८ | गैससको प्रोफाइल निर्माण | पटक | १ | प्रशासन शाखा | | | | ७५ | ० | ७५ | ० | ७५ | ० |
| | **जम्मा** | | | | | | | **५६८५** | **२८२०** | **१८९५** | **९२०** | **४४३५** | **१२५०** |
| २ | **नीति, योजना, ऐन□नियम□कार्यविधि प्रक्रियासग सम्बन्धित** | | | | | | | | | | | | |
| २.१ | गाउँपालिकाको राजस्व सुधार योजना | संख्या | १ | राजस्व परामर्श | | | | १५०० | १५०० | ० | ० | ० | १५०० |

| क.सं. | प्रस्तावित क्रियाकलापहरु | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट हजारमा(०००) | | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | आन्तरिक (बा.वजेट) | वाहिय |
| | निर्माण | | | समिति/राजस्व शाखा | | | | | | | | | |
| २.२ | स्थानीय विपद जोखिम व्यवस्थापन योजना | पटक | १ | पूर्वाधार शाखा | | | | १२०० | ० | १२०० | ० | ६०० | ६०० |
| २.३ | सहरीकरण तथा बस्ती विकास सम्वन्धी नीति, कानुन तथा मापदण्ड बनाउने | पटक | १ | पूर्वाधार शाखा | | | | ४०० | ० | ० | ४०० | ४०० | ० |
| २.४ | घर नक्सा तथा भवन मापदण्ड तयार गर्ने | पटक | १ | पुर्वाधार शाखा | | | | २०० | २०० | ० | ० | २०० | ० |
| २.५ | अनुगमन तथा सुपरिवेक्षण कार्यविधि निर्माण | पटक | १ | योजना शाखा | | | | १५० | १५० | ० | ० | १५० | ० |
| २.६ | सवै नीतिहरुलाई आ.यो., गु.यो. वार्षिक योजना आदिमा मूलप्रवाहीकरण गरिने | | | अध्यक्ष/उपाध्यक्ष ,.प्र.अ./योजना शाखा | | | | ० | ० | ० | ० | ० | ० |
| २.७ | गाउँपालिकाको स्वामित्वमा रहेका तर अभिलेख नभएका अचल सम्पत्तिहरू (भवन, मेसिनरी तथा सवारी साधनहरू) को मूल्याङ्कन तथा अद्यावधिक उपयोग नीति तर्जुमा | संख्या | १ | कार्यपालिका जिन्सी शाखा | | | | १०० | ० | १०० | ० | १०० | ० |
| २.८ | संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुसार सबै शाखा तथा इकाईको कार्य विवरण निर्धारण पालना | नियमित | | प्र.प्रअ./प्रशासन शाखा | | | | ० | ० | ० | ० | ० | ० |
| २.९ | सामाजिक परीक्षण (पालिका स्तरमा) वर्ष एकपटक | पटक | १ | सामाजिक शाखा | | | | ७५० | २५० | २५० | २५० | ७५० | ० |
| २.१० | सार्वजनिक सुनुवाई (पालिका स्तरमा) वर्षमा दुई पटक | पटक | २ | प्रशासन शाखा | | | | ६०० | २०० | २०० | २०० | ६०० | ० |
| २.११ | गाउँपालिकामा कार्यरत कर्मचारी आचारसंहिता तर्जुमा तथा लागु | सँख्या | १ | प्र.प्रअ.प्रशासन शाखा | | | | ८० | ८० | ० | ० | ८० | ० |

| क.सं. | प्रस्तावित क्रियाकलापहरु | एकाई | परिमाण | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट हजारमा(०००) | | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | आन्तरिक (बा.वजेट) | वाहिय |
| २.१२ | कर्मचारीहरुको कार्य विवरण बनाई प्र.प्र.अ.ले अध्यक्षसँग,अन्य शाखा प्रमुखले प्र.प्र.अ.संग कार्यसम्पादन सम्फौता | | | अध्यक्ष प्र.प्र.अ. | | | | ० | ० | ० | ० | ० | ० |
| २.१२ | लैससस निर्देशिका/नीति निर्माण | पटक | १ | सामाजिक शाखा | | | | २५० | २५० | ० | ० | ० | २५० |
| २.१३ | बालमैत्री तथा अपाङ्गमैत्री निर्देशिका निर्माण | पटक | १ | सामाजिक शाखा | | | | ८०० | ० | ८०० | ० | ४०० | ४०० |
| २.१४ | दिगो विकासका लक्ष्यहरुलाई मूलप्रवाहीकरण गर्ने | | | योजना शाखा | | | | २५० | ० | ० | २५० | २५० | ० |
| २.१५ | गापाको आयव्ययको मासिक रुपमा सार्वजनिकीकरण गर्ने | नयमित | | आर्थिक प्रशासन/राजस्व शाखा | | | | ० | ० | ० | ० | ० | ० |
| २.१६ | वार्षिक खरिद योजना तयार गर्ने | नियमित | | आर्थिक प्रशासन शाखा | | | | ६० | २० | २० | २० | ६० | ० |
| २.१७ | राजस्व असुली तथा करदाता शिक्षा सम्बन्धी सचेतना कार्यक्रम | नियमित | | राजस्व शाखा | | | | ३०० | १०० | १०० | १०० | ३०० | ० |
| २.१८ | कृषक समूह, फर्म, लघुउद्यम दर्ता नियमावली तथा कृषि अनुदान नियमावली | पटक | १ | कृषि शाखा | | | | २५० | २५० | ० | ० | २५० | ० |
| २.१९ | गाउँ शिक्षा प्रोफाइल निर्माण | पटक | १ | शिक्षा शाखा | | | | २०० | २०० | ० | ० | २०० | ० |
| २.२० | क्षमता विकास योजनाको समिक्षा | पटक | १ | क्ष.वि.स.समिति | | | | ३०० | १०० | १०० | १०० | ३०० | ० |
| २.२२ | गाउँपालिकाले निर्माण गरेका पूर्वाधार, कृषि, स्वास्थ्य तथा शिक्षा क्षेत्रको पुँजीगत लगानी तथा अनुदान कार्यक्रमहरुको प्रभावकारिता अध्ययन तथा समीक्षा | पटक | ३ | प्र.प्र.अ./का.पा. | | | | ४०० | १०० | १५० | १५० | ४०० | ० |
| जम्मा | | | | | | | | ७७९० | ३६०० | ३१२० | १०७० | ५०४० | २७५० |
| कूल जम्मा(१+२) | | | | | | | | १३४७५ | ६४७० | ५०१५ | १९९० | ९४७५ | ४००० |

## ४.३ मानव स्रोत क्षमता विकास योजना

स्थानीय सरकारको विकास प्रवर्द्धन प्रभावकारीताको अर्को महत्वपूर्ण आधार मानव स्रोतको क्षमता हो । स्थानीय तहलाई प्राप्त अधिकार तथा जिम्मेवारीको कार्यसम्पादनको सुनिश्चिताको लागि संस्थामा मानवीय स्रोतको आवश्यकता पर्दछ । गाउँपालिकामा विद्यमान प्रशासनिक तथा साङ्गठनिक संरचना निर्माण तथा स्थापना हुने क्रममा छन् सामान्यतया मानव संसाधन विकास भन्नाले भूमिका पूरा गर्नका लागि व्यक्तिको ज्ञान, सीप र धारणामा सकारात्मक सुधार गर्ने कार्य जस्तै; तालिम, अध्ययन अवलोकन आदिलाई क्षमता विकास भनेर बुझ्ने गरिन्छ तर क्षमता विकास केवल तालिम, गोष्ठि, अन्तरक्रिया मात्र नभई यो सङ्गठनमा आवद्ध मानिस, संस्थाको आन्तरिक तथा बाह्य व्यवस्थापन, संरचना, विधि, प्रस्तुति जस्ता पक्षहरूसँग सम्बन्धित हुन्छ र यो निरन्तर रूपमा चलिरहने प्रक्रिया हो । गाउँपालिकाले प्रभावकारी रूपमा संस्थाको उद्देश्य हासिल गर्नका लागि विद्यमान जनशक्तिको क्षमता विकास निरन्तर गर्दै जानु जरूरी हुन्छ । विद्यमान जनशक्तिको क्षमता विकासको पहिलो कार्य जनशक्तिको विद्यमान क्षमताको मूल्याङ्कन तथा विश्लेषण गरी त्यस अनुरूप क्षमता विकास नीति तथा योजनाको तर्जुमा तथा कार्यान्वयन आवश्यक छ ।

स्थानीय सरकारको मानव संसाधनमा निर्वाचित पदाधिकारी एवम् निर्दिष्ट भूमिका पूरा गर्न आवश्यक ज्ञान, सीप र धारणा भएका वा हासिल गर्न सक्ने क्षमता भएका कर्मचारीलाई जनाउँदछ । यस अन्तर्गत आवश्यक मानव संशाधन प्राप्तीका लागि गरिने कार्यहरू (संगठन तथा व्यवस्थापन सर्वेक्षण, दरबन्दी निर्धारण, नियुक्ति प्रक्रिया, सरूवा/बढुवा व्यवस्था, जिम्मेवारी निर्धारण, पारिश्रमिक आदि) लाई बुझ्न सकिन्छ । स्थानीय सरकारका भूमिका पूरा गर्न जिम्मेवारीमा रहेका जनशक्तिहरू (निर्वाचित पदाधिकारीहरू, कर्मचारीहरू, स्थानीय सरकारसँग प्रत्यक्ष संलग्न भई कार्य गर्ने उपभोक्ता समितिका पदाधिकारीहरू, स्वयम्सेवीहरू आदि) को क्षमता विकास पर्दछ । प्रतापपुर गाउँपालिकाको जनसंख्या, सेवाग्राहीको चाप तथा कार्यक्षेत्रलाई हेर्दा हालको मानवीय संसाधन क्षमता अपर्याप्तता भई रहेको सन्दर्भमा आवश्यकता अनुसार मानवीय क्षमता विकासका कार्ययोजना कार्यान्वयन गर्नुपर्ने देखिन्छ । गाउँपालिकाले हाल संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन निर्माण गरेको छ । उक्त प्रतिवेदनले सुझाएका विषय वस्तुहरु जस्तै संस्थाको संरचना, शाखा, इकाई, सम्बन्धित इकाईको कार्यविवरण अनुसार गाउँपालिकाको सभाबाट पारित गरी व्यवहारमा लागु गर्नुपर्ने देखिन्छ । मानवीय स्रोत क्षमता विकास कार्ययोजना अन्तरर्गत यस गाउँपालिकाको मानव संसाधन प्राप्ति जनप्रतिनिधि, विषयगत समिति, उप समिति तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने ज्ञान, सीप र दक्षता सुधार हुने तालिम, गोष्ठि, अध्ययन, अनुसन्धानसँग सम्बन्धित क्रियाकलापहरु राखिएको छ ।

## ४.४ प्रतापपुर गाउँपालिकाको मानव स्रोत क्षमता विकास कार्ययोजना

| क्र.सं. | प्रस्तावित क्रियाकलापहरु | सेवा प्रवाहमाआउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट हजारमा(०००) | | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | आन्तरिक | वाहिय |
| १. | **निर्वाचित पदाधिकारीहरूका लागि** | | | | | | | | | | | |
| १.१ | निर्वाचित पदाधिकारीहरूलाई स्थानीय शासन संचालन सम्बन्धी अनुशिक्षण | सुशासन अभिवृद्धि | | | | | २५० | २५० | ० | ० | २५० | |
| १.२ | योजना तर्जुमा तथा कार्यान्वयन गर्दा सहभागितामूलक योजना तर्जुमा चरणहरू बस्ती र वडास्तरको योजना तर्जुमा, विषयगत र क्षेत्रगत योजना तर्जुमा, गाउँ सभा सञ्चालन सम्बन्धी का.पा. सदस्यहरुलाई अभिमुखीकरण | योजनाहरुको गुणस्तरीयतामा अभिवृद्धि | प्र.प्र.अ.र योजना शाखा | | | | ३०० | १०० | १०० | १०० | ३०० | ० |
| १.३ | सार्वजनिक खरिद ऐन, नियमावली, आर्थिक प्रशासन नियमावली, खरिद योजना निर्माण सम्बन्धी का. स. हरुलाई अनुशिक्षण | आर्थिक पारदर्शिता | प्र.प्र.अ.रआ.प्र. शाखा | | | | ३०० | १०० | १०० | १०० | ३०० | ० |
| १.३ | लैससास कार्यविधिरनीति सम्बन्धी जनप्रतिनिधिहरुलाई अभिमुखीकरण गर्ने । | समावेशी विकास | सामाजिक शाखा | | | | ३०० | १०० | १०० | १०० | ३०० | ० |
| १.४ | वडा अध्यक्षहरुलाई योजना अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी अभिमुखीकरण | योजनाको गुणस्तर वृद्धि | अनुगमन समितिरप्रशासन शाखा | | | | १५० | ५० | ५० | ५० | १५० | ० |
| १.५ | कार्यपालिका सदस्यहरुको सिकाइ आदान प्रदान अवलोकन भ्रमण | कार्यसम्पादनमा नविनता आयाम | कार्यपालिका प्र.प्र.अ. | | | | १५०० | ५०० | ५०० | ५०० | १५०० | ० |
| १.६ | गाउँपालिकाको राजस्व वृद्धिको लागि विद्यमान स्रोतहरूको पूर्ण उपयोग र नयाँ स्रोतहरूको पहिचान सम्बन्धी सिकाइका लागि अन्य गाउँपालिकाको अध्ययन भ्रमण | कार्यसम्पादनमा नविनता आयाम | | | | | ६०० | ० | ३०० | ३०० | ६०० | ० |
| १.७ | नव निर्वाचित वडा अध्यक्षलाई वडा कार्यालयहरुको सेवा वितरण कार्य प्रणाली र अधिकार क्षत्रका बारेमा प्रशिक्षण | वडाको प्रभावकारी सेवा वितरण | प्र.प्र.अ. | | | | १५० | १५० | ० | ० | १५० | ० |
| | **जम्मा** | | | | | | ३५५० | १००० | १४०० | ११५० | ३५५० | ० |

| क.सं. | प्रस्तावित क्रियाकलापहरु | सेवा प्रवाहमाआउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट हजारमा(०००) | | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | आन्तरिक | वाहिय |
| २. | **समिति, उपसमितिहरूका लागि** | | | | | | | | | | | |
| २.१ | अनुगमन समितिको कार्यप्रणाली तथा कार्यसम्पादन सम्बन्धी दुई दिने कार्यशाला वार्षिक | परियोजनाको गुणस्तर अभिवृद्धि | अनुगमन समिति | | | | ३०० | १०० | १०० | १०० | १५० | १५० |
| २.२ | राजस्व परामर्स समितिलाई राजस्व सुधार कार्ययोजना सम्बन्धी दुईदिने कार्यशाला बार्षिक | आन्तरिक राजस्वमा सुधार | राजस्व समिति राजस्व शाखा | | | | ३०० | १०० | १०० | १०० | १५० | १५० |
| २.३ | न्यायिक समिति तथा मेलमिलाकर्ताको दक्षता अभिवृद्धि सम्बन्धी अभिमुखिकरण (दुई दिने वार्षिक) | स्थानीय द्वन्द व्यवस्थापनमा सुधार र न्याय सम्पादन | न्यायीक समिति | | | | ६०० | ३०० | १५० | १५० | ३०० | ३०० |
| २.४ | मेलमिलाप केन्द्र गठन तथा सञ्चालन | समुदाय स्तरमा द्वन्द व्यवस्थापन | न्यायिक समिति | | | | ८०० | ५०० | १५० | १५० | ४०० | ४०० |
| २.५ | विषयगत शाखा, राजनीतिक दल, स्थानीय गै.स.स, सञ्चार क्षेत्र, निजी क्षेत्रका प्रतिनिधिहरू सँग गाउँपालिकाको सङ्गठनात्मक, संस्थागत व्यवस्था, कार्यप्रणाली, अनुगमन प्रक्रिया र सूचना प्रवाहका सम्बन्धमा अभिमुखीकरण | सुशासन अभिवृद्धि | सुशासन समिति प्रशासन शाखा | | | | ३०० | १०० | १०० | १०० | ३०० | ० |
| २.६ | उपभोक्ता समितिहरुलाई योजना कार्यान्वयन बारे अभिमुखीकरण | योजनाको गुणस्तरियता वृद्धि | योजना शाखा | | | | ९०० | ३०० | ३०० | ३०० | ९०० | ० |
| २.७ | जनप्रतिनिधि र शाखा प्रमुख कर्मचारीकाहरुका बिचमा कार्यसम्पादन बुझाइ एकरुपता गर्न छलफल तथा अन्तरक्रिया कार्यक्रम | सुशासन अभिवृद्धि | योजना शाखा | | | | १५० | ५० | ५० | ५० | १५० | ० |
| २.८ | जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरुलाई पूर्ण सरसफाई, पूर्ण खोप अभियान अभिमुखीकरण | सामाजिक विकास सूचक वृद्धि | स्वास्थ्य शाखा | | | | २०० | ० | १०० | १०० | २०० | ० |
| २.९ | कर्मचारी तथा जनप्रतिनिधिहरुलाई | सुशास अभिवृद्धि | सामाजिक | | | | २५० | ५० | १०० | १०० | २५० | ० |

| क्र.सं. | प्रस्तावित क्रियाकलापहरु | सेवा प्रवाहमाआउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट हजारमा(000) | | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | आन्तरिक | वाहिय |
| | सार्वजनिक र सामाजिक उत्तरदायित्व ( जवाफदेहिताका अवधारणा, औजारहरू र उपयोग सीप तालिम) | | शाखा | | | | | | | | | |
| | **जम्मा** | | | | | | ३८०० | १५०० | ११५० | ११५० | २८०० | १००० |
| **३.** | **कर्मचारीहरूका लागि** | | | | | | | | | | | |
| ३.१ | आधारभूत सेवा प्रवेश तालिम (नयाँ नियुक्त कर्मचारीहरुका लागि) | कार्यसम्पादन दक्षतामा वृद्धि | प्रशासन शाखा | | | | ४०० | १०० | १५० | १५० | १५० | २५० |
| ३.२ | कर्मचारीहरुलाई सेवाकालीन तालिम ( आवश्यकता अनुसार) | कार्यसम्पादन दक्षतामा वृद्धि | प्रशासन शाखा | | | | ४०० | १०० | १५० | १५० | १५० | २५० |
| ३.३ | शाखा प्रमुखहरुको मासिक वैठक सञ्चालन गर्ने | कार्यसम्पादन सुधार | प्रशासन शाखा | | | | ३० | १० | १० | १० | ३० | ० |
| ३.४ | स्थानीय सेवा व्यवस्थापन सम्वन्धि नेपाल सरकारको नीति, मापदण्ड, सेवा शर्त आदिको विषयमा कर्मचारीहरुलाई अभिमुखीकरण गर्ने | कर्मचारीको कार्य दक्षतामा वृद्धि | प्रशासन शाखा | | | | १५० | ५० | ५० | ५० | १५० | ० |
| ३.५ | प्रविधिक कर्मचारीहरुको पूर्वाधार गुणस्तरीयता वृद्धि सम्बन्धी व्यवसायिक(सर्भे,ड्रोइङ्ग) तालिम | पूर्वाधार परियोजनाको प्रभाकारीता वृद्धि | पूर्वाधार शाखा | | | | ३०० | १०० | १०० | १०० | १५० | १५० |
| ३.६ | वडा सचिव तथा शाखाका कर्मचारीहरुलाई कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी तालिम | सेवा प्रवाहमा वृद्धि | सूचना प्रविधि शाखा | | | | २०० | १०० | १०० | ० | १०० | १०० |
| ३.७ | आर्थिक प्रशासन शाखाका कर्मचारीहरुलाई सार्वजनिक खरिद, ई विडिङ्ग, लेखाको सप्टवेयर, राजस्व सप्टवेयर व्यवस्थापन सम्बन्धी तालिम | खरिद तथा लेखा , राजस्व प्रणालीमा सुधार | आर्थिक प्रशासन शाखा | | | | २५० | ५० | १०० | १०० | १०० | १५० |
| ३.८ | एकिकृत सूचना व्यवस्थापन तथा सूचना प्रविधि सम्बन्धी कर्मचारीहरुलाई तालिम | सूचना व्यवस्थापन सुधार | सूचना शाखा | | | | २५० | ५० | १०० | १०० | १०० | १५० |
| | कर्मचारीहरू र जनप्रतिनिधिहरुलाई कार्य जिम्मेवारी अनुसार निम्न तालिम उपलब्ध गराउने। | कार्यसम्पादन सुधार भइ सेवा प्रवाहमा वृद्धि हुने | प्रशासन शाखा | | | | १००० | ३०० | ४०० | ३०० | ५०० | ५०० |

| क्र.सं. | प्रस्तावित क्रियाकलापहरु | सेवा प्रवाहमाआउने प्रभावकारिता | मुख्य जिम्मेवारी | समयावधि | | | बजेट हजारमा(०००) | | | | लागत व्यहोर्ने स्रोत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | जम्मा | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | आन्तरिक | वाहिय |
| ३.९ | • प्रशंसनीय खोज<br>• नेतृत्व विकास तालिम<br>• व्यवस्थापन तालिम<br>• प्रविधि सम्बन्धी तालिम (GIS, AutoCAD, Total station आदि) | | | | | | | | | | | |
| ३.१० | कृषि तथा पशु स्वास्थ्यतर्फका कर्मचारीहरुको व्यवसायिक तालिम | कार्यसम्पादन सुधार भइ सेवा प्रवाहमा वृद्धि हुने | कृषि तथा पशु शाखा | | | | ५०० | १०० | २५० | १५० | २५० | २५० |
| ३.१० | स्वास्थ्य तर्फका कर्मचारीहरुको व्यवसायिक क्षमता अभिवृद्धि तालिम | स्वास्थ्य शाखा | | | | | ५०० | १०० | २५० | १५० | २५० | २५० |
| ३.११ | कर्मचारीहरुको सिकाई आदान प्रदान गर्न अन्तर स्थानीय तह बिच अवलोकन भ्रमण | पालिकाको सेवा प्रवाहमा नवीनता | | | | | १००० | २०० | ४०० | ४०० | ५०० | ५०० |
| ३.१४ | शाखाका कर्मचारी तथा वडा सचिवलाई बजेट निर्माण, जिन्सी, लेखाङ्कन, लेखापरीक्षण तथा प्रतिवेदन सम्बन्धी तालिम | कार्यदक्षमा तथा सुशासन अभिवृद्धि | आर्थिक प्रशासन शाखा | | | | ४५० | १५० | १५० | १५० | ४५० | ० |
| ३.१५ | IEMIS तालिम(शिक्षा तर्फ) | सूचना तथा अभिलेख व्यवस्थापन | शिक्षा शाखा | | | | ३०० | ० | ० | ३०० | ० | ३०० |
| ३.१६ | CLT,BLT,CTS तालिम | क्षमता अभिवृद्धि | प्रशासन तथा शिक्षा शाखा | | | | ३०० | ० | १५० | १५० | ० | ३०० |
| ३.१७ | भेक्टर कन्ट्रोल सम्बन्धी स्वास्थ्य प्राविधिकहरुको लागि तालिम | स्वास्थ्य सेवमा दक्षता विस्तार | स्वास्थ्य शाखा | | | | १५० | १५० | ० | ० | १५० | ० |
| | **जम्मा** | | | | | | **६१८०** | **१५६०** | **२३६०** | **२२६०** | **३०३०** | **३१५०** |
| | **कूल जम्मा(१+२+३)** | | | | | | **१३५३०** | **४३१०** | **४६६०** | **४५६०** | **९३८०** | **४१५०** |

## ४.५ आवश्यक स्रोत व्यक्ति तथा संस्थाहरुको रोष्टर

गाउँपालिकाको संस्थागत तथा मानवीय क्षमता विकास कार्ययोजनामा सहजीकरण गर्नका लागि सम्भावित स्रोत व्यक्तिहरु तथा संस्थाहरुको रोष्टर तलको तालिकामा उल्लेख गरिएको छ।

| स्रोत व्यक्ति तथा सहयोगी संस्थाहरुको नाम | क्षमता विकास सहकार्य वा सहयोगका क्षेत्रहरु | सम्भावित भूमिका |
|---|---|---|
| प्र.प्र.अधिकृत | -स्थानीय शासन ऐन, नियम तथा कार्य प्रणालीका बारेमा अभिमुखीकरण | -स्रोत व्यक्ति/सहजकर्ता |
| लेखा अधिकृत | -लेखा व्यवस्थापन, खरिद योजना लेखा प्रणाली | -स्रोत व्यक्ति/सहजकर्ता |
| स्वास्थ्य अधिकृत | -स्वास्थ्य सम्बन्धी अहेव, अनमी, म.स्वा.स्य.से लाई जनस्वास्थ्य सम्बन्धी तालिम | -स्रोत व्यक्ति/सहजकर्ता |
| पशु स्वास्थ्य अधिकृत | -पशुस्वास्थ्य सम्बन्धी तालिम | -स्रोत व्यक्ति /सहजकर्ता |
| विद्यालय निरीक्षक | -विद्यालय व्यवस्थापन तथा सिकाइ उपलब्धी सम्बन्धी | -स्रोत व्यक्ति /सहजकर्ता |
| स्थानीय शासन विज्ञ/विश्वविद्यालयका विषय विज्ञहरु | -ऐन, नियम, कार्यविधि तथा निर्देशिका निर्माणमा सहजीकरण | -विज्ञको रुपमा कार्यसम्पादन |
| स्थानीय योजना तथा शासन विज्ञ/पूर्व स्थानीय विकास अधिकारी/पूर्ण प्रजिअ | -गाउँपालिकाको आवधिक योजना, गुरुयोजना, विषय व्यवस्थापन योजना आदिमा सहजीकरण | -विज्ञ तथा सहजकर्ता कार्यसम्पादन - |
| इन्जिनियर | -पूर्वाधार शाखाका प्राविधिक कर्मचारीहरुको लागि पेशागत क्षमता अभिवृद्धि तालिम | -विज्ञ तथा सहजकर्ता कार्यसम्पादन |
| GIS Expert | -भू उपयोग गुरुयोजना | -गाउँपालिकाको भू-उपयोग गुरुयोजना निर्माणमा सहजीकरण |
| स्थानीय कानुन विदरपूर्व विशिष्ट श्रेणीका कर्मचारी | -गाउँपालिकाको एने, नियम, निर्देशिका निर्माण | -ऐन, नियम तथा कार्यविधि निर्माणमा सहजीकरण तथा परामर्श सेवा |
| सूचना प्रणाली विज्ञ | -गाउँपालिकाको सूचना प्रणाली/सञ्जाल/ स्पष्टवेयर/ EMIS प्रणालीमा सहजीकरण गर्न | -परामर्शदाता वा सहजकर्ताको रुपमा |
| **संघ/संस्थाहरु** | **सहयोगका क्षेत्रहरु** | **सम्भावित भूमिका** |
| प्रदेश प्रशिक्षण प्रतिष्ठान, लुम्बिनी, नेपालगञ्ज | -गाउँपालिकाको आवधिक योजना/राजस्व सुधार योजना, जेसी नीति आवश्यक योजनाहरुको निर्माणमा प्रविधिक सहयोग<br>-सेवा प्रवेश तथा सेवाकालीन तालिम<br>-विषयगत शाखाको क्षमता विकास तालिम<br>-व्यवसायिक तालिम | - गाउँपालिकाको विविध विषयमा आर्थिक प्राविधिक सहयोग |
| PLGSP | गाउँपालिकाको क्षमता विकासका क्रियाकलापहरु प्राविधिक सहयोग<br>-स्थानीय साशनको सवलीकरणमा प्राविधिक सहयोग | -आर्थिक तथा प्राविधिक सहयोगी कार्यक्रमको रुपमा |
| जिल्ला समन्वय समिति | -गाउँपालिकाको नियमन, अन्तर स्थानीय सरकारका बिचमा समन्वय तथा सहकार्य | -समन्वयात्मक भुमिका |
| प्रदेश सरकार | - प्रदेश र गाउँपालिकाको बिचमा साझा अधिकार सम्बन्धमा कानुन, नियम निर्माण तथा सहजीकरण | -गाउँपालिकाको विकास योजना तथा नीति निर्माणमा सहजीकरण |
| संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - नमुना कानुन, आवश्यक परामर्श, प्राविधिक सहयोग, अनुदान सहयोग, विविध विषयमा मार्गदर्शन | -तालुकदार संघीय मन्त्रालयको रुपमा |
| कन्सलटेन्सीहरु | - गाउँपालिका लाई आवश्यक प्राविधिक सहयोग | -परामर्शदाता संस्थाको रुपमा |
| INGOs/NGOs | - गाउँपालिकाको दीर्घकालीन विकास लक्ष्यको प्राप्तीमा विकास साझेदारको रुपमा कार्य | -गाउँपालिकाको विकास साझेदार तथा प्राविधिक सहयोगी संस्था |

## ४.६ क्षमता विकास योजना कार्यान्वयन रणनीतिहरु

क्षमता विकास एक निरन्तर चलिरहने प्रक्रया हो । यस गाउँपालिकाको क्षमता विकास योजना कार्यान्वयनका लागि देहाय बमोजिमका मूल रणनीतिहरू अवलम्बन गरिनेछ :

- कार्य विवरणका आधारमा कार्य सम्पादन गर्ने प्रणालीलाई प्रवर्द्धन गरिनेछ । पद र क्षमता अनुसारको जिम्मेवारी सुम्पिने पद्धतिलाई बढावा दिइनेछ ।
- जनप्रतिनिधि, विषयगत समिति तथा उप-समितिहरुको स्थानीय शासन सञ्चालन सम्बन्धी ज्ञान सीप र दक्षता अभिवृद्धिमा जोड दिने ।
- स्थानीय शासन प्रवर्द्धनका लागि कानुन र विधि विधानको पालनालाई सर्वोपरी मानी कार्यसम्पादन गरिने ।
- कर्मचारी र जनप्रतिनिधिहरुका बिचमा समन्वय सहकार्य सदभाव सिर्जना हुने उत्प्रेणात्मक कार्यहरुलाई प्रोत्साहन गरिने ।
- दोहोरोपन हटाउने, स्रोत-साझेदारी गर्ने एवम् गाउँपालिका भित्र उपलब्ध हुने सेवाहरूको गुणस्तरमा अभिवृद्धि गरिनेछ ।
- गैससहरू, निजी सेवा प्रदायकहरू बिच नियमित सञ्चार, सम्पर्क, परामर्श/अन्तरक्रिया गरिनेछ ।
- वित्तीय व्यवस्थापन, योजना तर्जुमा प्रक्रिया, कार्यान्वयन, समन्वय र अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाइनेछ ।
- आवश्यक भौतिक सुविधा, सरसफाई तथा सूचना प्रविधिमा जोड दिइनेछ ।
- कर्मचारीको कार्यशैलीमा सुधार तथा अन्तर सम्बन्धलाई सुदृढ गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक स्रोतले सम्भव नहुने क्षमता विकास क्रियाकलापका लागि प्रादेशिक तथा स्थानीय शासन कार्यक्रम/संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, विकास साझेदार तथा गैरसरकारी संघसंस्था समक्ष अनुरोध गरिनेछ ।
- नियमित प्रकृयाको रुपमा आन्तरिक एवम् बाह्य स्रोतबाट यथेष्ट वार्षिक बजेट विनियोजन गरी क्षमता विकासका क्रियाकलाप सञ्चालन/कार्यान्वयन गर्ने ।
- कार्ययोजना सहित कर्मचारीलाई योजना कार्यान्वयनको जिम्मेवारी दिने ।
- सेवा प्रदायक र सेवाग्राहीको क्षमता अभिवृद्धि गरी सहकार्यबाट योजना कार्यान्वयन गर्ने ।
- कार्यसम्पादनमा आउने अवसर र चुनौतीको समुचित व्यवस्थापन गर्ने ।

## ४.७ क्षमता विकास समन्वय समितिको भूमिका

यस गाउँपालिकाको क्षमता विकास योजना प्रक्रियाको नेतृत्व तथा क्षमता विकास योजनाको कार्यान्वयनमा सहजीकरण गर्नका लागि गाउँपालिकाका एक पाँच सदस्यीय क्षमता विकास समन्वय समिति रहने छ । उक्त समितिको कार्य निम्नानुसार हुनेछ :

- संस्थागत तथा मानव संसाधन क्षमता विकास योजना तर्जुमामा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- क्षमता विकास सम्बन्धी नीति तथा रणनीतिहरू तर्जुमा गरी कार्यपालिका मार्फत् सभाबाट पारित गराउने र कार्यान्वयनका लागि बजेटको सुनिश्चितता गर्ने ।
- क्षमता विकास योजनालाई वार्षिक रुपमा अद्यावधिक गर्ने गराउने ।
- क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।
- स्थानीय सरकारको क्षेत्र भित्र सञ्चालन हुने क्षमता विकासका कार्यक्रमहरू बिच समन्वय गर्ने गराउने ।

- समितिले सूचकमा आधारित भइ क्षमता विकास कार्यक्रमको अनुगमन गर्ने ।
- कार्यक्रमको गुणस्तर सुनिश्चित गर्न नियमित रूपमा कार्यक्रमको अनुगमन र समीक्षा गर्ने ।
- क्षमता विकास सम्बन्धमा अन्य सहयोगी निकायहरू बिच समन्वय गर्ने ।
- क्षमता विकास सम्बन्धी अध्ययन, अन्वेषण गर्ने गराउने ।
- क्षमता विकास सम्बन्धी अन्य आवश्यक कार्यहरू गर्ने ।

